जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ९ अंक १९, २०७७ साल माघ ९ गते शुक्रबार, नेपाल संवत् ११४१ (Jan. 22, 2021) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## कहाँ हरायो आकाशे पुलको ठेकेदार ?

काठमाडौं । नयाँ बानेश्वरमा एकैछिन उभियो भने जेब्रा क्रसिङमा बाटो काट्ने हजारौंको भीड लाग्छ । दिनभरमा लाखौंले बाटो काट्ने व्यस्त चोक बानेश्वरमा आकाशे पुल बनाउन सुरु गरेको दुई वर्षभन्दा बढी हुन लागिसक्यो । दुवै साइडमा पुलको अलिकति जग उठाउनबाहेक बाँकी काम केही भएको छैन ।

नयाँ बानेश्वर चोकमा केही वर्षअगाडि इनोभेटिभ नामको कम्पनीले आफ्नै लगानीमा व्यापारिक सटर बाँकी ८ पेजमा

## गरिबी बढ्यो

काठमाडौं । कोरोना भाइरस महामारीका कारण नेपालीको आम्दानीमा धक्का लागेको एक अध्ययनले देखाएको छ । राष्ट्रिय योजना आयोगले कोरोना महामारीले पारेको असरबारे गरेको अध्ययनमा यस्तो तथ्य फेला परेको हो ।

आयोगका सदस्य तथा प्रवक्ता मीनबहादुर शाहीले हालै जारी गरेको विज्ञप्तिमा आर्थिक वर्ष २०७६।७७ मा नेपालको प्रतिव्यक्ति आम्दानी एक हजार ६७ अमेरिकी डलरमा सीमित भएको उल्लेख छ ।

आव २०७५।७६ को प्रतिव्यक्ति आम्दानी एक हजार ३९ अमेरिकी डलर रहेकोमा यो बाँकी ८ पेजमा

# ओली समूहबाहेक सबै विघटनको विपक्षमा



काठमाडौं । पार्टीको आन्तरिक विवादको व्यवस्थापन गर्न नसकेर प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाली नागरिकको वारेस प्रतिनिधिसभालाई नै गत पुस ५ गते बलात विघटन गरेपछि मुलुकको राजनीति उद्वेलित छ अहिले । प्रतिनिधिसभा विघटन संवैधानिक हो या होइन यो विषय सर्वोच्च अदालतको संवैधानिक इजलासमा प्रवेश गरेको छ र बहस जारी छ । सर्वोच्चले कस्तो निर्णय गर्ला ? त्यसको व्यग्र पर्खाइमा छन् नेपाली नागरिकहरू । तर सामान्य संविधान वाचन गर्न सक्ने मान्छेहरूले पनि संविधान पढेपछि थाहा पाउनेछन् कि नेपालको संविधान २०७२ ले प्रधानमन्त्रीलाई प्रतिनिधिसभा विघटन गर्ने अधिकार प्रत्यायोजन गरेको छैन । संविधानले विगतमा जस्तै प्रधानमन्त्रीले संसद विघटन गर्ने र मध्यावधि घोषणा गर्ने बाटो लगभग बन्द गरिदिएको छ । संविधानतः एउटा मात्र अवस्थामा संसद विघटन हुने र नयाँ निर्वाचन हुने व्यवस्था छ ।

प्रतिनिधिसभा निर्वाचनबाट बहुमत प्राप्त दलले सरकार बनाउनेछ, कुनै पनि दलको बहुमत नभएमा गठबन्धनको सरकार बनाउने र त्यो पनि सम्भव नभएमा ठूलो दलको नेतृत्वपमा अल्पमतको सरकार बन्न सक्ने परिकल्पना संविधानले गरेको छ । तर अल्पमतको सरकारले पनि ३० दिनभित्रमा विश्वासको मत लिन नसकेमा संविधानको धारा ७६ (७) अनुसार प्रधानमन्त्रीको सिफारिसमा संसद विघटन हुने र देश नयाँ निर्वाचनमा जाने व्यवस्था छ । ओली अल्पमतको होइन, बहुमत प्राप्त दलको नेताका रुपमा प्रधानमन्त्री पदमा बहाल भएका हुन् । यस्तो अवस्थामा संसद विघटन गरेर मध्यावधिमा जाने उनलाई सुविधा थिएन । यद्यपि उनले संविधानको धारा ७६ मा प्रधानमन्त्री चयनको एकपछि अर्को विकल्पलाई संसदमा अभ्यास नै हुन नदिई प्रधानमन्त्रीको अवशिष्ट अधकिार भन्दै संसद विघटन गर्न पुगे । प्रतिनिधिसभाले प्रधानमन्त्री चयन गर्न नसके बल्ल ताजा जनादेशमा जाने हो । आफूविरुद्ध अविश्वासको प्रस्ताव तयार भएको सुइँको पाएपछि ओलीले संसद विघटन गराउनु संविधानकै हुर्मत लिनु हो । ०५१ सालमा प्रतिनिधिसभाबाट 'धन्यवादको प्रस्ताव' असफल भएपछि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले संसदीय दलको बैठकबाट आफूलाई फेरि परीक्षण गरी संसदीय दलको नेताका रुपमा चुनिएपछि मात्र विघटनको निर्णय लिएका थिए जसलाई सर्वोच्च अदालतले सदर गरेको थियो । ०५२ मा मनमोहन अधिकारीले प्रतिनिधिसभाभित्र आफूलाई परीक्षण नगराउँदा विघटनको अधिकारलाई सर्वोच्चले अमान्य घोषणा गरेको थियो । प्रतिनिधिसभाभित्र वैकल्पिक सरकारको सम्भावना हुँदाहुँदै परीक्षण नै नगराई प्रतिनिधिसभाको अवसान गरिनु अधिनायकवादी शैली हो । यसले संविधान, लोकतन्त्र, गणतन्त्र, धर्मनिरपेक्षता र समावेशितामाथि नै खड्ग प्रहार गरेको छ ।

भारतीय संविधानका निर्माता बाबासाहेब अम्बेडकर भन्छन्- संविधानले त्यतिबेला मात्र राम्रो काम गर्न सक्छ जतिबेला यसको कार्यान्वयन जिम्मेवारी पाएका व्यक्तिहरूले राम्रो काम गर्नेछन् । नेपालको संविधान २०७२ जतिसुकै राम्रो भनिए पनि अहिले त्यसमाथि भएका सांघातिक हमलाले कार्यान्वयनको जिम्मेवारी पाएका व्यक्तिले राम्रो काम नगरेको प्रस्ट हुन्छ । प्रधानमन्त्री ओलीको कार्यशैलीले टर्किस लेखक मेहमत मुरत इलदानको यो भनाइलाई बरु चरितार्थ गरिरहेको छ, उनी भन्छन्- बरु बाँदरलाई सरकार चलाउन दिउँ कम्तीमा त्यसले केरा मात्रै चोर्नेछ । प्रतिनिधि विघटनपछि मुलुकको राजनीतिमा ग्रहण लाग्न सुरु भएको छ । विदेशी शक्तिकेन्द्रहरू र चरम दक्षिणपन्थी तत्वहरू धमिलो पानीमा माछा मार्ने जमर्को गर्न थालेका छन् । देशमा फेरि अस्थिर राजनीतिको पुनरावृत्ति हुने निश्चित भएको छ । सर्वोच्चले प्रतिनिधिसभा विघटन सदर या बदर जे निर्णय गरे पनि स्थिर सरकारको परिकल्पना अब प्रायः नामेट हुने निश्चित छ । सत्तरी वर्षमा नेपालले ६ वटा संविधानको अभ्यास गर्‍यो । २९ वर्षमा २४ जना प्रधानमन्त्री बने । २६ वर्षमा ५ पटक संसद विघटनका घटना घटे । यस्तो अस्थिर राजनीति र सरकारबाट देशलाई मुक्त गर्न २०७२ को संविधानले लिएको बाटो पनि अहिले भत्किएको छ र मुलुक अँध्यारो र कहालिलाग्दो सुरुङको यात्रामा प्रवेश गरेको छ ।

कार्लमार्क्सले भनेका थिए- इतिहासले आफैंलाई दोहोर्‍याउँछ पहिले दुखान्तका रुपमा अनि प्रहसनका रुपमा नेपाली राजनीतिक इतिहासमा अहिले प्रहसन जारी छ । सत्ताधारी नेकपाका ओली र दाहाल-नेपाल गुट एकले अर्कोलाई खुइल्याउन होडबाजी गरिरहेका छन् । दुवै समूह संस्कारहीन राजनीतिलाई बढावा दिइरहेका छन् । पार्टीको शीर्ष तहमा रहेका यी तीन नेताहरू एक आपसमा दोषारोपण र गाली गलौजमा उत्रिएपछि अन्य नेता/कार्यकर्ताले त्यही अनुशरण गर्नुलाई अन्यथा मान्न सकिँदैन । एकले अर्कोलाई तथानाम भन्नु घृणाको राजनीति हो । दुई समूहमा विभाजन भएपछि दुवै समूहका सार्वजनिक कार्यक्रमहरूमा एजेन्डाका विषय छैनन् मात्र गालीगलौज । अहिले मुख्यतः दुवै समूह अदालतको फैसला आफ्नो पक्षमा पार्ने होस् वा निर्वाचन आयोगको निर्णय आफू अनुकूल बनाउन अथवा नेता/कार्यकर्तालाई आफ्नो पक्षमा ल्याउन एक अर्काप्रति प्रहार गरिरहेका देखिन्छन् । प्रमाण, सिद्धान्त विचारले नै अदालत, निर्वाचन आयोग र कार्यकर्ताको मत जित्ने हो । दुवै पक्षले एक अर्कालाई अदालतदेखि निर्वाचन आयोगसम्मलाई धम्क्याएको आरोप लगाउँदै आएका छन् । सारमा दुवै पक्षले यी निकायलाई सही बाँकी ८ पेजमा

## भारतीय अनुदानको खोप नेपालमा



काठमाडौं । भारत सरकारले अनुदानमा दिएको कोरोना खोप नेपाल आइपुगेको छ । भारतले अनुदानमा दिएको १० लाख डोज कोरोना खोप बिहीबार बिहान काठमाडौं ल्याइपुर्‍याइएको हो ।

भारतले सिरम इन्स्टिच्युट अफ इन्डिया( एसआईआई) ले अक्सफोर्ड विश्वविद्यालय र बेलायती औषधि निर्माता कम्पनी एस्ट्राजेनेकासँग मिलेर विकास गरेको कोभिसिल्ड नेपाललाई अनुदानमा उपलब्ध गराएको हो । अक्सफोर्ड विश्वविद्यालय र एस्ट्राजेनेकाले संयुक्त रुपमा विकास गरेको 'एजेडडी१२२२' नामक खोपलाई भारतको एसआईआईले 'कोभिसिल्ड'को नाममा उत्पादन गरेको हो ।

कोरोना खोप लिएर आएको एअर इन्डियाको विमान बिहान ११ बजेर ५३ मिनेट जाँदा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रवक्ता राजकुमार क्षेत्रीले इकान्तिपुरलाई जानकारी दिए । उनका अनुसार मुम्बईबाट काठमाडौं सीधा उडान नभएकाले दिल्ली हुँदै खोप ल्याइएको हो ।

विमानस्थलमा भारतीय राजदूत विनयमोहन क्वात्राबाट खोप बुझ्दै स्वास्थ्यमन्त्री हृदयेश त्रिपाठीले नेपाल सरकार र नेपाली नागरिकका तर्फबाट भारत सरकारलाई धन्यवाद व्यक्त गरेका थिए ।

**खोपसँगै मापदण्ड पालना जरूरी**

भारतबाट अनुदानका रूपमा प्राप्त भएको १० लाख मात्रा कोभिसिल्ड खोप देशव्यापी अभियान चलाएर अग्रपंक्तिमा खटिएका नागरिकलाई बाँकी ८ पेजमा

## आधिकारिताको विषय झनै पेचिलो

काठमाडौं । सत्तारुढ दल नेकपा विवादमा निर्वाचन आयोग अझै प्रवेश गर्न सकेको छैन । दुवै पक्षले पार्टीमा गरेको हेरफेरको विवरण अद्यावधिकका लागि दिएको निवेदनउपर आयोगले कुनै निर्णय गर्न सकेको छैन । आयोगले पुस २३ मा दुवै पक्षलाई सात दिनको समय दिएर थप स्पष्टताको मात्र गर्दै पत्र पठाएको थियो ।

प्रधानमन्त्री एवं पार्टी अध्यक्ष केपी शर्मा ओली र अर्का अध्यक्ष पुष्पकमल दाहाल र माधवकुमार नेपाल पक्षले पुस २९ मा आयोगलाई लिखित जवाफ पठाएका थिए । दुवै पक्षले आयोगलाई पठाएको जवाफमा आफ्नो समूहले बोलाएको केन्द्रीय कमिटी बैठक र त्यसले गरेका निर्णय वैधानिक रहेको दाबी गरेका छन् । दुवैले आफ्नो पक्षको निर्णयलाई आधिकारिक मान्न र त्यसैअनुसारको विवरण अद्यावधिक गरिदिन माग दाबी गरेका छन् । दुवै पक्षबाट जवाफ आएको साता नाघ्दा



पनि आयोग निष्कर्षमा पुग्न सकेको छैन ।

राजनीतिक दलसम्बन्धी ऐनको दफा ५१ मा दलको नाम, विधान, नियम, छाप, झन्डा वा चिन्हमा भएको परिवर्तन वा संशोधन, पदाधिकारीको हेरफेर र आयोगले तोकेबमोजिमका अन्य विषयको जानकारी आयोगलाई ३० दिनभित्र गराउनुपर्ने प्रावधान छ । दलबाट त्यस्तो जानकारी प्राप्त भएपछि आयोगले त्यस विषयमा आवश्यक अध्ययन र जाँचबुझ गर्दा त्यस्ता कामकारबाही संविधान, ऐन नियम र दलको विधानबमोजिम गरेको पाइएमा परिवर्तन भएअनुसारको विवरण दल दर्ता किताबमा अद्यावधिक गर्नुपर्ने ऐनको दफा ५१ एपदफा (२) र (३) मा तर दुवै पक्ष दलको आधिकारिकतासम्बन्धी माग दाबीमा प्रवेश गरेका छन् । दुवैले पार्टीमा गरिएको हेरफेर अद्यावधिक गरिदिन आयोगमाथि दबाब बढाएका छन् ।

पुस ५ मा प्रतिनिधिसभा विघटन भएयता ओली तथा दाहाल नेपाल पक्षले आयोगमा एकले अर्कोलाई कारबाही गरेको पत्राचार गरेका छन् । दुवै पक्षले आयोगमा पठाएका विवरण उनीहरूले पठाएका कागजातकै आधारमा दल दर्ता किताबमा अद्यावधिक गर्न नसकिने निर्णय आयोगले पुस २३ मा गरेको थियो । तर दुवै पक्षले आफूलाई आधिकारिक बताउँदै एकले अर्कोलाई सूर्यचिन्ह नचिन्हाउन हरेक कार्यक्रमका भाषणमा भन्दै अएका बाँकी ८ पेजमा

## महाकालीमा भारतको दादागिरी

काठमाडौं । नेपाल सरकारले पटक पटक तटबन्ध निर्माण कार्यलाई रोक्न अनुरोध गर्दा पनि भारतीय पक्षले महाकालीमा एकतर्फी रूपमा तटबन्ध निर्माण जारी राखेको छ । काम नरोकिएपछि पुस ५ र २० गते गृह मन्त्रालयलाई पुनः पत्र पठाइएको थियो । गृहमार्फत परराष्ट्र मन्त्रालयलाई पत्र पठाइए पनि निर्माण कार्य नरोकिएको प्रशासनले जनाएको छ ।

सीमामा संरचना निर्माण गर्न नपाइने अन्तर्राष्ट्रिय सहमतिविपरीत दार्चुला सदरमुकाम खलंगास्थित जिल्ला अस्पताल पारिपट्टि नदी क्षेत्र मिचेर भारतले आफूखुसी तटबन्ध बनाइरहेको हो । भारतले अहिलेसम्म तटबन्धको फाउन्डेसनका लागि करिब ८० मिटर खनिसकेको छ र २० मिटरमा बाँकी ८ पेजमा

## सैनिक सेवाको पेन्सनमा परिवर्तन

काठमाडौं । नेपाली सेनाको तल्लो दर्जाका जनशक्तिको माग सम्बोधन गर्न पेन्सनसम्बन्धी हालको व्यवस्थामा केही परिमार्जनसहितको प्रस्ताव अघि बढाइएको छ । पछिल्ला वर्षमा पेन्सन नै नभई सेवा छोड्नेको संख्या ह्वात्तै बढदै गएपछि सैनिक मुख्यालयको पटक-पटकको अनुरोधमा सरकारले सैनिक सेवा नियमावली, २०६९ तेस्रो संशोधन अघि बढाएको हो ।

रक्षा मन्त्रालयको उक्त प्रस्ताव अहिले मन्त्रिपरिषदमा पुगेको छ । नियमावलीमा अधिकृतभन्दा तल्लो तहका लागि दर्जागत आधारमा स्वेच्छिक अवकासमा जान सक्ने व्यवस्था प्रस्ताव गरिएको छ । विसं २०६० वैशाख २८ गते र सोभन्दा पछि नेपाली सेनामा भर्ना भएका फलोअर्स र सिपाहीको पेन्सन अवधि १६ वर्ष बनाउन प्रस्ताव गरिएको छ ।

पिउठ, अमलदार र हुद्दा १७, जमदार १८ तथा सुबेदार बाँकी ८ पेजमा

## मोदीले किन भेट दिएनन् ज्ञवालीलाई ?

काठमाडौं । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका विशेष दूतका रुपमा केही समयअघि काठमाडौं आएका भारतीय गुप्चचर संस्था रअका प्रमुख सामन्तकुमार गोयलले बालुवाटारमा न्यानो स्वागत पाए । परराष्ट्र मन्त्रालय एवं दिल्लीस्थित नेपाली दूतावासलाई समेत थाहा नदिई उनी विशेषद्वारा बाँकी ८ पेजमा



## ट्रम्पका निर्णयहरू उल्टाउँदै बाइडेन

काठमाडौं । अमेरिकी राष्ट्रपति जो बाइडेनले कार्यकालको पहिलो दिन कार्यकारी आदेश जारी गर्दै ट्रम्पले जारी गरेका कतिपय कार्यकारी आदेश उल्ट्याइदिएका छन् ।

कार्यकारी आदेश जारी गरिएको वक्तव्यमा भनिएको छ- ती आदेशहरूमार्फत् राष्ट्रपति बाइडनले 'ट्रम्प प्रशासनले पुर्‍याएको क्षति उल्ट्याउने मात्र नभइ देशलाई अघि बढाउने छन् ।'

**बाइडेनका मुख्य आदेश**

चार लाख अमेरिकीहरूको ज्यान लिइसकेको कोरोनाभाइरस महामारीसँग जुझ्ने विभिन्न उपायहरू ती आदेशमा रहेका छन्। तिनका मुख्य बुँदा यसप्रकार छन्:

-विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) बाट फिर्ता हुने अमेरिकी कार्यको अन्त्य गरिने। भाइरस विज्ञ डा एन्थोनी फाउचीले यसै साता हुने डब्लुएचओको अन्तर्राष्ट्रिय बाँकी ८ पेजमा

## राजसंस्थादेखि गणतन्त्रसम्मको यात्रा

**समय सन्दर्भ**



**अम्बराज मिश्र**

नेपाल राष्ट्रका रचयिता एवम २२ से २४ से राज्यलाई एकीकरण गरी नेपाल राष्ट्रको परिकल्पना गरी साकार पार्ने अथक योद्धा राष्ट्र नायक श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहदेखि आज गणतन्त्रसम्मको राजनीतिक यात्राका बारेमा केही समिक्षात्मक टिप्पणी हरेक नागरिकले गरेका हुन्छन् । घरपरिवारदेखि राज्यसम्मको शासन व्यवस्था सरल र विधिको शासन भएको परिकल्पना सबै सदस्य, नागरिकले गरेका हुन्छन र गर्न पाउनुपर्छ साथै त्यसको मूल्यांकन गरिनुपर्दछ भन्ने हो ।

आफ्नो मानो खाएर अरुको खिसिटिउरी गर्ने समय निकाल्नु त उचित होइन, तथापी यो टिप्पणी आफू बस्ने देश (राष्ट्र) को भलिभाँती बुझ्न पाउनुपर्दछ र त्यसको इतिहास र भूगोलका बारेमा साथै राजनीतिक अवस्थाको चासो राख्न पाउनु पर्दछ । हरेक राष्ट्रभक्त नागरिकले सत्ता समिकरण एवम शासन व्यवस्था कुन समयमा कस्को पालामा असल,सरल भयो ? भन्ने हाम्रो खोजको बिषय बन्न सक्नुपर्दछ । को को सत्तामा पुगे भन्दा पनि, कसले कसले, कुन कुन ब्यवस्थामा जनताले शान्तिको महसुस गरे भन्ने आजको बिषय बनाइएको हो ।

शाहबँशिय राज्य ब्यवस्थाले जरो गाडेको शासन ब्यवस्था २३८ बर्ष सम्म रहेर , जनताले परिवर्तनको चाहानाहरू राख्ने क्रममा २००४ साल, २००७ साल, २०१७ साल, २०३६ साल, २०४६ सालहरूमा शासन ब्यवस्था परिवर्तनको खातिर जन आन्दोलनहरू भए । २००७ सालको जन आन्दोलनले सार्थक्ता पाई २००७ साल देखि २०१५ साल सम्मको अन्तरिम प्रजातीन्त्रक ब्यवस्थाका संविधान तथा नियमावलीहरू बनाउने अथक समय खर्चिएर बल्ल तल्ल २०१५ सालमा सँसदिय चुनाव भएर बिशेश्वर प्रसाद कोईरालाको नेतृत्वमा नेपाली काँग्रेसले दुई तिहाई बहुमत सहितको सरकार गठन गरेको ईतिहासबाट बुझिन्छ ।

२०१५ साल देखि जनताको चाहना भनेर नेपाली काँग्रेसको नेतृत्वमा रहेको सरकार १५/१८ महिना पनि सञ्चालन गर्न नपाई २०१७ सालमा तत्कालीन राजा श्री ५ महाराजधिराज महेन्द्र वीरविक्रम शाहदेवले देश सुहाउँदो सत्ता चलाउन नसकेको भनेर ब्यवस्थालाई नै कार्यकारणी अधिकार आफ्नो हातमा ल्याई पञ्चायतीकरण गरेर ल्याइएको थियो । राजाको यस किसिमको कदमलाई गणतन्त्रवादीहरूले बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि

**सम्पादक/प्रकाशक**
**सुरेन्द्रप्रसाद ढकाल**

**कार्यकारी सम्पादक** तेजेन्द्र प्रसाईं

**प्रबन्ध सम्पादक** कृष्णराज दुलाल

**प्रबन्ध निर्देशक** किरण थापा

**अतिथि सम्पादक** विष्णु भट्टराई

**सहसम्पादक** घनश्याम ओली

**बजार व्यवस्थापन** रामशरण रिमाल

**सम्पादन सहयोगी** गोविन्द विक

**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र( ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्भना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

# देश अब गृहयुद्धतर्फ

**भर्खरै भारत गएर फर्केका परराष्ट मन्त्री प्रदीप ज्ञवालीलाई भारतीय प्रधानमन्त्री ओलीले नभेटनुले र सीमा समस्या बैठकमा उठाउन नमान्नुले के इंगित गर्दछ भने भारत नेपालका राजनीतिक दलहरूलाई लडाएर, नेपालमा गृहयुद्ध मच्चाएर अन्ततः नेपाललाई सिक्किम बनाउन सकिन्छ कि भनेर हेरिरहेको छ ।**



**सुरेन्द्र ढकाल**

खड्ग ओलीले संविधानमै व्यवस्था नभएको संसद विघटन गरेको कारण देश गृहयुद्धको चपेटामा पर्न सक्ने देखिएको छ। यदि सर्वोच्च अदालतले ओलीको कदमलाई संवैधानिक ठहर गऱ्यो भने देश चुनावमा जाने निश्चित छ। चुनावमा ओलीले फेरि पनि समृद्धिकै कुरा गर्नेछन् र त्यस्तो समृद्धिको लागि एमसिसि स्वीकार गर्नैपर्ने जिकिर गर्नेछन् अनि त्यो भनेको नेपाल जस्तो भूराजनीतिक जटिलता भएको देशलाई अमेरिकी खेमामा उभ्याउन खोज्नु हो। जुन कुरा न राष्ट्रवादी नेपाली र न उत्तरको छिमेकी चीनले सहन गर्न सक्छ।

नेपाललाई वेश क्याम्प बनाएर चीनलाई विखण्डन गरी तिब्बतलाई स्वतन्त्र बनाउने अमेरिकी यस योजनालाई फलिभूत पार्न चुनावताका यहाँ करोडौं डलर र भारुको खेल हुन सक्छन। त्यही डलर र भारुको भरमा चुनावमा दुई तिहाई ल्याउने दिवास्वप्न खड्ग ओलीले देखेका छन्। न्यायालयका न्यायाधीशहरू त्यस्ता भारु र डलरमा नलोभिएलान् भन्न सकिन्न। अहिले न्यायालयमा जुन ढंगमा वहसपैरवी भइरहेछ, त्यसलाई विश्लेषण गर्ने हो भने अदालतले ओलीको पक्षमा निर्णय नदेला भन्न सकिन्न। तर यस पंक्तिको लेखकको विश्लेषण विपरीत यदि अदालतले संसद पुनर्स्थापन गरिदियो भने पनि खड्ग ओलीले एमसिसि पक्षधरको बहुमतको संयुक्त सरकार बनाउने छन्। जसले सत्तारुढ र प्रमुख विपक्षी दुबै दललाई विभाजन मात्रै गर्दैन संसदमा प्रतिनिधित्व नभएका दलहरू लगायत पुरै देशलाई दुई विपरीत ध्रुवमा पुऱ्याउने छ। त्यतिखेरको आन्दोलन शान्तिपूर्ण र सत्याग्रही होला भनेर भन्न सकिने अवस्था हुँदैन।

अहिले नै एमसिसि नचाहने माओवादीबाट चोइटिएका एक सशक्त खेमा विप्लव भनिनेहरू सशस्त्र आन्दोलनमा लागिसकेका छन् भने सोभै आन्दोलनबाटै जनगणतन्त्र स्थापना गर्न चाहनेहरू पनि संयुक्त मोर्चा बनाउन लागि परेका छन्। यी दुवैको बीचमा कार्यगत एकता हुन सक्छ। अर्कोतर्फ देशभक्त, राष्ट्रवादी, लोकतान्त्रिक शक्तिहरूले माथि भनिएका यी दुई खेमाभन्दा पृथक ढंगबाट मोर्चाबन्दी गरिरहेका छन्। एमसिसिको विरुद्ध के सशस्त्र के शान्तिपूर्ण दुबै किसिमको आन्दोलन चर्किदा ओली जस्ता प्रतिगामी अवश्य चुप लागेर बस्ने छैनन।



राष्ट्रपति आफ्नो हातको कठपुतली भएकै कारण सम्भव भएसम्मको वैधानिक अवैधानिक हत्कण्डा ओलीले प्रयोग नगर्लान् भन्न सकिन्न। हिजो भारतीय सेनालाई नेपाल बोलाएर भए पनि राजतन्त्र अन्त्य गर्नुपर्छ भन्ने माधव नेपाल र भारतलाई आधारभूमि बनाएर १२ वर्षे जनयुद्ध मच्चाएका प्रचण्डहरू अहिले एकत्रित छन्। उनीहरू एकातर्फ आवश्यकता पऱ्यो भने आन्दोलन ननभेज हुन सक्ने बताइरहेका छन् अर्कोतर्फ भारतले उनीहरूको आन्दोलनलाई सहयोग गर्नुपर्छ भनेर पनि बोलिसकेको अवस्था छ।

भर्खरै भारत गएर फर्केका परराष्ट मन्त्री प्रदीप ज्ञवालीलाई भारतीय प्रधानमन्त्री ओलीले नभेटनुले र सीमा समस्या बैठकमा उठाउन नमान्नुले के इंगित गर्दछ भने भारत नेपालका राजनीतिक दलहरूलाई लडाएर, नेपालमा गृहयुद्ध मच्चाएर अन्ततः नेपाललाई सिक्किम बनाउन सकिन्छ कि भनेर हेरिरहेको छ। यस अवस्थामा हुने सशस्त्र आन्दोलनलाई दबाउन ओली सरकारले सेना प्रयोग गर्न सक्ने अवस्था पनि आउन सक्छ। त्यो भनेको गृहयुद्धमा सेना पनि तानिनु हो। गृहयुद्धमा नेपाली सेना फसेको अवस्थामा उत्तर र दक्षिणी छिमेकीका सेनाहरू नेपाल नपस्लान भन्न सकिन्न। अब देश नराम्ररी गृहयुद्धमा फस्दैछ।

# सम्पादकीय

## भूमिगत पानीको चरम दोहन

काठमाडौं। उपत्यकाका जनता अहिले मेलम्ची खानेपानीको व्यग्र प्रतिक्षामा बसेका छन्। बहुदलीय प्रजातन्त्र आएपछि नेपाली कांग्रेसका नेता स्व.कृष्णप्रसाद भट्टराईले मेलम्चीको पानी ल्याएर उपत्यकाका सडक पखाल्ने भाषण गरेका थिए। कृष्णप्रसादले देखेको मेलम्ची सपना तीन दशकपछि अर्का केपी अर्थात् खड्गप्रसादसम्म आइपुग्दा पानी पूरा हुन सकेको छैन। उपत्यकाबासी जनताको तिर्खा मेलम्चीले छिट्टै मार्ने आश्वासन र पानी आउने मिति तोक्तै सार्दै गर्नै काम भइरहेको छ। सुन्दरीजलमा पानी भार्ने परीक्षण गर्दा सुरूङका ढोका भत्किएर इन्जिनियर समेतले दुःखद मृत्यु वरण गर्नुपऱ्यो। मेलम्चीको पर्खाइमा बसेका जनता भूमिगत पानीको दोहन गर्न बाध्य छन्।

काठमाडौं उपत्यका विशाल तलाउ सुकेपछि बस्ती बसेको इतिहास भएकाले उपत्यकाको भूमिगत जल भण्डारको क्षमता पनि विशाल नै रहेको पुष्टि यहाँका जनताले गरेको भूमिगत जल उपयोगले गर्छ। उपत्यकाको आवास क्षेत्र निरन्तर विस्तार भइरहेको छ। जतिवटा नयाँ घर थपिए त्यतिवटै बोरिङ थपिने क्रम जारी छ। पहिला पहिला इनार खन्ने र सामान्य ढंगको बोरङ खनी जमिनमाथि राखेकै मोटरले पानी तान्ने चलन थियो। घरको जग खन्दै ५ फिटबाट पानी भेटिने गर्थ्यो। अहिले पानीको सतह घटेर धेरै तल पुगिसकेको छ। घरमा प्रयोग गर्ने पानीको लागि ४ इन्ची बोरिङ १५० देखि २०० फिट तलसम्म खन्ने चलन तीव्र रूपमा बढिरहेको छ। भूमिगत पानीको जल भण्डार धेरै तल पुगिसकेकाले जमिन भासिन सक्ने खतरा उत्तिकै बढिरहेको छ। काठमाडौं उपत्यकामा व्यक्तिगत प्रयोजनका अतिरिक्त पानीको व्यापारिक कारोबार गर्नेको संख्या पनि ठूलो छ। पानीको कारोबार गर्ने कम्पनीले बढी क्षमताको बोरिङ खन्ने गरेका छन्। त्यसैगरी उद्योगधन्दा, कलकारखाना, होटल, हाउजिङ कम्पनीहरूले पनि ठूलो बोरिङ अर्थात् डिप बोरिङ गरेर भूमिगत पानीकै उपयोग गरेका छन्। काठमाडौं उपत्यकामा भइरहेको भूमिगत पानी उपयोगको आधिकारिक र वास्तविक आँकडा कसैले निकालेको देखिँदैन। खानेपानी तथा भूमिगत जलस्रोतसम्बन्धी निकायका तथ्यांक पनि हचुवाका भरमा रहेका छन्।

उपत्यकामा रित्तिँदै गरेको जलभण्डारले निम्त्याउन सक्ने गम्भीर समस्या अगावै भूमिगत जलभण्डारलाई बढाउने अथवा स्थिर राख्ने उपायको खोजी गर्न आवश्यक छ। बढ्दो घनत्व र पीच सडकहरूले गर्दा जलभण्डारमा पानी रिचार्ज हुने ठाउँ अत्यन्तै कम भएर गएको छ। वर्षायाममा आकाशबाट परेको पानी सोभै ढलबाट बगेर खोलामा जाने गरेको छ। वर्षाको पानी रिचार्ज गर्ने उपायको खोजीमा काठमाडौं उपत्यकाभित्रका स्थानीय निकायहरू सक्रिय हुन आवश्यक छ। यसको लागि प्रत्येक बन्ने नयाँ घरले आकाशको पानी जमिनमुनि पठाउन एउटा सानो इनार बनाउन आवश्यक छ। १५ देखि २० वटा जति रिङ गाडेर सानो इनार बनायो भने वर्षाका पानी छतबाट सोभै इनारमा पठाउन सकिन्छ। अथवा नगरपालिकाहरूमा कार्यरत प्राविधिकहरूले रिचार्जको कुनै नयाँ तरिका घरको नक्सा पास गर्दै घर धनीलाई बताउनुपर्ने हुन्छ। त्यसैगरी नयाँ तथा पुराना सबै घरलाई अनिवार्य यो नियम लगाएर त्यसको कडा अनुगमन गर्न आवश्यक छ। जलभण्डारको अनावश्यक दोहन रोक्न जति सक्दो चाँडो मेलम्ची खानेपानी उपत्यका भित्र्याउनुपर्छ। भूमिगत जल उपयोगको मापदण्ड निर्धारण गर्न र जथाभावी दोहन गर्न रोक्नुपर्छ। पानी रिचार्ज हुने पुराना पोखरीहरूको संरक्षण गर्नुपर्छ। अन्यथा उपत्यकाको जलभण्डार रित्तिएर डरलाग्दो प्राकृतिक प्रकोप निम्तिन सक्छ।

# मतदानमा उम्मेदवार हेर्ने कि ? चुनावचिन्ह ?



**गोविन्द विक**

मुलुकमा जव चुनाव आउँछ विभिन्न राजनीतिक दलहरू समृद्धि र विकासका सपना बोकेर आफ्नो पक्षमा मत लिनका लागि जनताको घरदैलोमा आउँछन जब जनताको मतमार्फत सत्तामा पुग्छन् मत माग्दा भनेको सबै कुरा बिर्सन्छन्। उनीहरू सधैं सत्ता शक्तिमा रमाइरहेका हुन्छन् भने निम्नवर्गीय जनताको जीवनस्तर जहाँको त्यही हुन्छ।

आखिरी निम्नवर्गीय जनताको आशा भनेको सामान्य हुन्छ सहज रुपमा मजदुर गर्न पाइयो मजदुरीको उचित ज्याला समयमा पाइयोस्, आफ्ना बालबच्चाले सर्वसुलभ तरिकाले शिक्षा तथा स्वास्थ्य सेवा पाउन, पैसाको कमीले उपचार नपाएर मर्न नपरोस, खानेपानी सहज रुपमा पाइयोस् सामान्य पिच गरेको बाटोमा हिँड्न पाइयोस्, दैनिक उपभोग्य बस्तु सहज र सुलभ मूल्यमा खरिद गर्न पाइयोस् समाजमा दन्डहिनता, अपराध हिंसा हत्या जस्ता गतिविधि नहुन भन्ने सामान्य परिवर्तन आम निमुखा जनताले चाहेका हुन्छन् तर यही सामान्य परिवर्तन पनि नगरी सत्ता र शक्तिमा दाइँ गरेर रमाइरहने राजनीतिक दल र ती दलका नेता दलको चुनाव चिन्हलाई हामीले मूल्यांङकन गर्न आवश्यक नठानेर नै आज यो नियति भोग्नु परिरहेको छ।

हामी चुनावमा मत दिँदा कुन दलका कुन नेतृत्वले के परिवतर्न गरे ? कुन दलको नेतृत्व दूरदृष्टि योजना बोकेर आएको छ ? जनतालाई सहज हुने व्यवहारिक परिवर्तनका लागि ध्यान दिने भिजन कुन उम्मेद्वारको छ ? जस्ता विषयलाई ख्यालै नगरी चुनाव चिन्ह हेरेर मत दिने बानीले गर्दा एउटै दल एउटै नेतृत्वलाई सत्तामा पुग्ने मौका हामीले नै दिइरहेको हुनाले निमुखा जनताको जीवनमा समृद्धि आउन अझै धेरै समय खर्चिनुपर्ने देखिन्छ।

मिठो भाषण र एक दिनको रमाइलोमा भुलेर जसले जता भन्छन उतै मत दिने काम बन्द गरियो भने समृद्धि र विकासको बाटो खुल्न सक्छ। चुनावमा चुनाव चिन्ह हेरेर चुनाव चिन्हका पछि दौडेर मत नदिने हो भने बारम्बार सत्तामा पुगेर पनि जनताको दैनिकीमा परिवर्तन आउने काम नगर्नेलाई हामीले मार्क गर्न जरुरी छ।

वर्तमान परिवेश सत्तारुढ दलको भगडाले जुन परिस्थिती निम्त्यायो यो परिवेशलाई हेर्दा पनि पटक पटक सत्तामा पुगेर पनि काम नगर्ने प्रवृत्ति भएकाहरूलाई कसले अवसर दिइरहेको छ ? यसको खोजी गर्ने जिम्मा आम नागारिकको हो। हुन त तत्कालिन माओवादीले पनि सत्तामा पुगेपछि कायपलट नै गर्ने वाचा गरेको थियो तर सत्तामा पुगेपछि बिर्सियो। त्यसैले चुनाव चिन्ह महत्वपूर्ण हैन, चुनाव चिन्हले काम गर्ने विषयचाहीँ महत्वपूर्ण हो भन्ने कुराको फैसला हामी आम नागारिकले गर्न सक्यौं भने सत्तामा पुगेर जनताका लागि काम नगर्नेहरू फेरि सत्तामा जाने बाटो स्वतः बन्द हुन्छ।

चुनाव चिन्ह र पार्टीको नाम आफ्नो पक्षमा पार्नकै लागि विखन्डित नेकपाभित्र एकअर्कालाई थर्काउने एक अर्काको उछिटो काडने काम भई नै रहेको छ। जनताको जीवनमा समृद्धि ल्याउने काम राजनीतिक दलभित्रका उच्च नेतृत्वले गर्ने हो भने जनमत प्राप्त गर्न चुनाव चिन्हको होडबाजीमा लाग्नै पर्दैन जनताले खोजी खोजी भोट दिन्छन्।

बहुदलीय व्यवस्थामा राजनीतिक दलविनाको सत्ता कल्पना गर्न सकिन्न। तर जनमत पाएका राजनीतिक दलहरू नै भ्रष्ट्र र दिशाहिन भएपछि राजनीतिक अस्थिरता निम्तिने जोखिम बढने नै भयो। जसका कारण जनताको समस्या जहाँको त्यहीँ रहन्छन्। त्यसैले बारम्बार सत्तामा पुगेर पनि जनअपेक्षाअनुकुल काम नगर्ने दल र तिनका नेतृत्वहरूलाई पहिचान गर्ने जिम्मा आमजनताको हातमा छ। चुनावचिन्ह र भाषणको पछि लागेर आफ्नै खुटामा बन्चरो हान्ने काम नगरौं समृद्धि र विकासमा हामी धेरै ढिला भइसकेका छौं।

**चुनाव चिन्ह र पार्टीको नाम आफ्नो पक्षमा पार्नकै लागि विखन्डित नेकपाभित्र एकअर्कालाई थर्काउने एक अर्काको उछिटो काडने काम भई नै रहेको छ। जनताको जीवनमा समृद्धि ल्याउने काम राजनीतिक दलभित्रका उच्च नेतृत्वले गर्ने हो भने जनमत प्राप्त गर्न चुनाव चिन्हको होडबाजीमा लाग्नै पर्दैन जनताले खोजी खोजी भोट दिन्छन्।**

# नेपालमा भारतीय विस्तारवाद र त्यसका दिर्घकालिन समस्याहरू-२१



सुदर्शन प्रधान

नेपाल सरकारका वर्तमान रक्षामन्त्री ईश्वर पोखेलले आफ्नो कार्यकालमा नेपाल सेनाभीत्र युगान्तकारी परिवर्तन गर्ने विशेष योजनाहरू बनाएको छ ? छ भने अझ व्यापक र विस्तृत रुपले तय गर्न सैन्य सम्बन्धीत विशेषज्ञहरूसँग छलफल गरि खदिलो प्रस्तावना तय गर्नुपर्छ। छैन भने दोस्रो जनआन्दोलन यताका १० जना प्रधानमन्त्री र १० जना रक्षामन्त्री झैं "आयाराम, गयाराम" झैं हुनेछ, सैन्य सवालमा।

यहाँ सैन्य सम्बन्धी विशेषज्ञ भन्नाले पंक्तिकारलाई लागेको राजनैतिक विशेषज्ञको तर्फबाट प्रोफेसर कृष्ण खनाल, विश्लेषक तथा वरिष्ठ पत्रकार श्याम श्रेष्ठ, अर्थ विज्ञको रुपमा हरि रोका, सांस्कृतिक विशेषज्ञको रुपमा रामराज रेग्मी, रामेस, रायनहरू, सिमाविज्ञ बुद्धीनारायण श्रेष्ठ, सैन्यविज्ञ भू.पु. जर्नेल शिवराम प्रधानहरू बन्न सक्छन् र पर्यावरण, ईतिहासविज्ञ, सैन्य, प्राविधिक विज्ञहरू पनि होलान्। उनिहरू जस्ता विज्ञहरूको झण्डै ५०० जनाको टोली १ हप्ता सम्म व्यापक अन्तरक्रिया गरि चौतर्फी विषयको नीति निर्माण गरेर सेनाले त्यसलाइृ कार्यान्वयन गर्ने मार्गमा लाग्न पर्छ। सैन्य शक्ति भनेको कुनै पनि राज्य र राष्ट्रको अती सम्वेदनशील निकाय हो। राज्य सत्ता र संम्प्रमुसत्ताको संरक्षणमा यसको अहम भूमीका हुन्छ। यो खेलवाडको कुरा हैन।

विगत ३० वर्षका अधिकांश राजनैतिक पार्टीका अधिकांश नेतृत्वहरू स्वयं त्यसका प्रमाणहरू हुन्। अझ उनिहरू रंगमन्चहरूबाट कुर्लन्छन्, देश र जनताको उज्वल भविष्यको लागी उ र उसको पार्टीको नेतृत्व अपरिहार्य, छ भनेर। अनि मूल धारका पत्रिकाहरू टि.भी. च्यानल र एफ.एमहरूमा उनिहरूका अर्न्तवार्ता र वक्तव्यहरू आईरहन्छन्। यो उनिहरूको दोहोरो स्वार्थ एकरुपता भएर पनि होला ! २०४५ सालमा सामान्य आर्थीक अवस्थाका उनिहरू आज दसौं करोड पती र अरव पति बनेका छन्।

राणाहरूले १०४ वर्ष, पछिल्ला राजाहरूले ५६ वर्ष (२००७-२०६३), पन्चेहरूले ३० वर्ष राष्ट्र र जनतालाई सत्ताको आडमा असिमीत लुटपाट गरे, जग्गा जमिनहरू, धनसम्पत्ती, पदको दुरुपयोग गरे झै गएको ३० वर्षमा पनि नेता र नोकरसाहहरू त्यही पथ लागे। ईतिहासको दुस्चक्रको यो निरन्तरताको अन्त कसरी हुन्छ ? एक ठोस नीतिको जरुरत छ र विस्त्रीत व्याख्या पनि। तर एक आधारभूत कुरा के छ भने राजनीति गर्ने नेताहरूले पद र पार्टीलाई उपयोग गरि धनआर्जन गर्ने गर्छ भने त्यो कदापी मान्य हुँदैन।

*(समाप्त)*

# मैले देखेको १५४ औं विश्व पर्यटकीय स्थल
# बेजिङस्थित माओको समाधिस्थल

सुरेन्द्र ढकाल



अगाडिबाट हेर्दा माओ स्मारक हल यस्तो देखिन्छ



समाधिस्थलमा रहेको माओको पार्थिव शरीर



स्मारक हलअगाडि रहेको युद्धवीर (वार हिरो) हरूको स्मारक



माओ समाधिस्थल अगाडि सुरेन्द्र अक्टोबर १, २०७७



हलभित्र रहेको माओको मूर्ति



माओको पार्थिव शरीर अवलोकन गर्न जाने पर्यटकहरूको लाम

सेप्टेम्बर ३० का दिन बेजिङको सम्राटको दरबार, त्यसको परिसर र थियानान मेन स्क्वायर अवलोकन गरेपछि अक्टोवर १, २००५ को बिहान माओको समाधिस्थल अवलोकन गरी बेलुकाको बेजिङ ल्हासा रेलबाट ल्हासा प्रस्थान गर्ने योजना बमोजिम ८ बजे ब्रेकफास्ट गरी होटलबाट चेकआउट गरी आफनो ब्याग केही घण्टा पछि लिन आउने गरी होटलको स्टोर रुपमा राखेर म अध्यक्ष माओको समाधिस्थल अवलोकन गर्ने उद्देश्यले पुनः थियानानमेन स्क्वायरतर्फ लागेँ। त्यहाँ पुग्दा पर्यटकहरूको लाम लागिसकेको रहेछ अनि म पनि लाइनमा उभिएँ। सन १९४५ देखि आफ्नो मृत्यु सन १९७५ नहुञ्जेलसम्म माओ चिनिया कम्युनिष्ट पार्टीको अध्यक्ष रहेका थिए।

माओ समाधिस्थल

यो माओ समाधिस्थललाई माओ स्मारक हल पनि भनिदो रहेछ। माओको अन्तिम इच्छा जलाउने भए तापनि उनको महत्वलाई बुझेर उनको पार्थिव शरीरलाई जस्ताको तस्तै संरक्षण गरेर राखिएको रहेछ त्यहाँ। थियानानमेन चोकको बीचमा अवस्थित यो हल चीनका आन्तरिक र बाह्य दुबै थरिका पर्यटकहरूको आकर्षण स्थल बनेको रहेछ। सोमबारबाहेक हप्ताका अरु सबै दिनमा खुला हुने यो समाधिस्थलको निर्माण कार्यको शुरुवात सेप्टेम्वर ९, १९७६ का दिन भई मे २४ १९७७ का दिन सम्पन्न भएको रहेछ। यस समाधिस्थलको डिजाइनदेखि निर्माण सम्पन्न हुँदाको दिनसम्म चीनको सबै प्रान्त, स्वशासित क्षेत्रबाट आएका र विभिन्न चिनिया जाति जनजाति गरी कुल ७ लाख मान्छेको श्रमदान परेको बताइँदो रहेछ।


त्यसैगरी यस हल निर्माणको लागि आवश्यक सामग्रीजस्तो ग्रेनाइट, सिंहमरमर, पोर्सेलानप्लेट, माटो, सल्लाको रुखका काठहरू पनि चीनका विभिन्न प्रान्त र स्वशासित क्षेत्रबाट ल्याइएका रहेछन्। बालुवा र शिलढुंगाहरू चीन र ताइवान बीचको समुद्रबाट निकालेर प्रयोग गरिएको रहेछ। स्मारक हल बाहिर प्रवेश द्वार नजिकै चारवटा मूर्तिहरू ठडिएका रहेछन्।

यस स्मारक हल अवलोकन गर्ने विश्व प्रशिद्ध नेताहरूमा क्युवाका राष्ट्रपति फिडेल क्यास्ट्रो र भेनेजुयलाको राष्ट्रपति निकोलास मादुरो रहेछन्। यस स्मारकका डिजाइनरमध्ये एक सु जिंगले यसै स्मारकको निर्माण बारेमा एक *The Place Where a Great Man Rests* पुस्तक पनि लेखेका रहेछन्। यो स्मारक हलले करिव ५७ हजार वर्गमिटरभन्दा अलि बढी क्षेत्रफल ओगटेको रहेछ। सेतो सिंहमरमरको मुख्य प्रवेशद्वारमाथि ठूलाठूला सुनौलो अक्षरमा 'माओ स्मारक हल' भनेर लेखिएको रहेछ। दक्षिण प्रवेशद्वारको अगाडि दुई समूहमा चीनको क्रान्ति झल्किने माटाका मूर्तिहरू देख्न पाइँदो रहेछ। त्यसमध्ये एक समूहले नौलो जनवाद (New Democracy) कालको र अर्को समूहले समाजवाद निर्माण Socialist Construction कालको अवस्था स्मरण गराउँदा रहेछन्।

यस्ता माटोले बनेका मूर्तिहरू दक्षिणदेखि उत्तरी प्रवेशद्वारसम्म आइपुग्दा जम्म ६२ वटा रहेछन्। यो बनाउन चीनको १८ प्रान्तबाट आएका १०० जना मूर्तिकारहरूलाई ५ महिना लागेको रहेछ। दक्षिण प्रवेशद्वार अगाडि ३० वटा राता झण्डाहरू फरफराइएको रहेछ जस्ले चीनको ३० वटा प्रान्तलाई प्रतिनिधित्व गर्दा रहेछन्। भुइँ तलाको हलभित्र करिब ४ मिटर अग्लो माओको सालिक ठडयाइएको रहेछ, भित्ताहरू तलदेखि माथिसम्मै ६ दशवमलव ५ मिटर अग्लो अनि २३ दशमलव ७४ मिटर चौडा The vast homeland नामक पेन्टिङ गरिएको रहेछ। स्मारक हलमा सिसाको बाकस माओको जन्म र मृत्यु भएको दुवै मिति लखिएको अनि चिनियाँ कम्युनिष्ट पार्टीको झण्डा ओढाइएको पार्थिव शरीरलाई मधुर उज्यालो अनि शितल वनाइ संरक्षण गरिएको रहेछ। यस हललाई सैनिक गार्ड अफ अनरले २४अै घण्टा सुरक्षा दिएको रहेछ।

हलको दोस्रो तलामा भने माओ, चाउ ऐनलाई, ल्यू साओची, चू ते, देंग सिआओ पिंग र चेन युनको क्रान्तिकारी उपलब्धिहरू झल्किने विभिन्न तस्बिरहरूसहित उनीहरूको मूर्तिहरू ठडयाइएको रहेछ र त्यहाँ भएको सिनेमा हलमा तीनै जना महान नेताहरूका उपलब्धिहरू देखाइँदो रहेछ। स्मारक हल छिरेपछि सबै कुरा हेर्दै र बुझ्दै जाँदा २ घण्टा बितेको पत्तै हुँदो रहेनछ। करिब एक बजेतिर म त्यहाँबाट निस्की होटल गई आफ्नो झोला लिनुअघि बेजिङ सहरको किनमेल बजार घुमी बेलुका ४ बजे होटल पुगी आफ्नो ब्याग लिई रेलवे स्टेशनतर्फ लागें।

# ४२. इलाम-चुलाचुलीको सम्पूर्ण बस्तीलाई उठिबास गरी त्यहाँ जंगल लगाउने पञ्चायती सरकारको निर्णयविरूद्ध व्यापक जनआन्दोलन-२




■ शम्भुराम श्रेष्ठ

ज्यापु

त्यसको केही समयपछि दमकमा आयोजित एउटा पञ्च र्‍यालीलाई सम्बोधन गर्ने क्रममा पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापाले मेरो नामै लिएर मैले अगुवाई गरेको चुलाचुलीको जनसंघर्षको समर्थनमा अर्थात् चुलाचुली क्षेत्रको बस्तीलाई उठिबास गर्ने श्री ५ को सरकारको निर्णय गलत थियो र त्यसलाई खारेज गर्नुपर्छ भनी जोड दिए ।

त्यसपछि हामीले तिनै समस्यालाई लिएर राजासँग छलफल गरी टुंग्याउन धेरै कोसिस गर्‍यौं तर राजासँग भेट गर्न पाएनौं । समस्याको जडो बुझिसकेपछि पहिले त हामीले आपसी छलफल र कुराकानीद्वारा समस्या सुल्झाउन खोज्यौं र त्यसमा असफल भएपछि मात्र संघर्षको बाटो अपनायौं र संघर्षको प्रारम्भिक, अर्थात् अस्थाई हेडक्वाटरको रुपमा का.सिरी चामलिङको लखनपुर नाउँको गाउँलाई सो पूर्व पश्चिम राजमार्ग निर्माणको दौरानमा राजमार्गको ठीक उत्तर र दक्षिणमा पर्ने जनजंगल फाँडी आवाद गरी खान भनी राई लिम्बू भूपू सैनिक जवानहरूलाई परिवारपिच्छे दुई दुई बिगाहाको दरले जमिन वितरण गरी बसालिएको गाउँ, जो इलाम चुलाचुली क्षेत्रको ठीक विपरीत दिशामा अर्थात् राजमार्गदेखि ३-४ किलोमिटर दक्षिण झापा जिल्ला अन्तर्गत अवस्थित गाउँ बस्ती उपयोग गर्‍यौं, किनभने त्यो स्थान चुलाचुली क्षेत्र र त्यसका आसपासमा स्थानहरू र झापा जिल्लाको कम्युनिस्ट जमातका कार्यकर्ताहरूसँग सम्पर्क राख्न अनुकूल स्थान थियो । त्यहाँबाटै चुलाचुली क्षेत्रभित्र पर्ने एउटा पनि गाउँ नछुटिने गरी सबका सब गाउँहरूसँग सम्पर्क राखियो । डेढ महिनापछि चुलाचुली क्षेत्रभित्र पर्ने सबै गाउँहरूमध्ये प्रत्येक घरबाट कम्तीमा एक जना अनिवार्य रुपले उपस्थित हुनुपर्ने गरी एउटा बृहत संयुक्त जनसभा आयोजना गर्ने निर्णय गरी हामीहरू घर फर्‍यौं । अर्थात् का.गोपालकृष्ण प्रसाईं र म काठमाडौं फर्‍यौं ।

हामीहरू अर्थात् का.गोपालकृष्ण प्रसाई र म चुलाचुलीमा संयुक्त जनसभा आयोजना गर्ने निर्णय गरी काठमाडौं फर्केको केही दिनपछि नै एक दिन अकस्मात बिहान ७३० बजेतिर गोपालकृष्ण प्रसाईं जिउभरी खुकुरीले काटेको घावैघाउ र रगताम्य शरीर भएको का.भक्तबहादुर राईलाई साथमा लिएर ट्याक्सीबाट मेरो घर आइपुग्नुभयो । उहाँहरूलाई देखेर म आश्चर्यचकित भएँ । भक्तबहादुरजी बोल्नै नसक्ने गरी सिकिस्त थिए । किन त्यसो भयो ? भन्ने मैले सोध्दा उनले विस्तारै सकिनसकी भन्न थाले- 'निर्णय भएअनुसार गाउँघरका सबै प्रतिनिधिहरूसँग राय सल्लाह गरी संयुक्त जनसभा गर्ने ठाउँ र तिथिमिति पक्का गरी म काठमाडौं आउँदै थिएँ । देउमान लिम्बू (फागु थरका) को घरनेर आइपुग्दा खोला किनारको वनमा २५-३० जनाले धमाधम वनका रुखहरू काटिरहेको देखे । त्यसरी सार्वजनिक सम्पत्ति राष्ट्रिय धन मासिरहेको केही नभनी, केही नगरी त्यसै ट्वालट्वाल्टी हेरिरहन सकिन र त्यसैले तिमीहरू को हौ ? कसले भनेर यसरी जथाभावी रुखहरू काटिरहेको ? भनी तिनीहरूसँग सोध्दै थिएँ । तिनीहरूले मेरो प्रश्नको जवाफ दिन पाएकै थिएन । एकाएक फागु थरका कुख्यात गुण्डा ज्यानमारा देउमान लिम्बु नांगो खुकुरी नचाउँदै पछाडिबाट ममाथि झम्टन थालिहाल्यो । 'ए भक्ते ? तँ को हो ? किन मेरो काममा बाधा दिन्छस् हँ ।' भन्दै उसले मेरो कुममा खुकुरीले हानिहाल्यो । सायद काठमाडौं जान लागेकाले होला, सधैं खुकुरी बोकेर हिँड्ने मान्छे भए पनि त्यो दिन मैले खुकुरी बोकेको रहेनछु । खुकुरी बोकेको भए म पनि खुकुरी चलाउनमा ऊभन्दा कम सिपालु थिइन, हामी दुईमध्ये एक जनाको अवश्य ज्यान जान्थ्यो । आफ्नो साथमा खुकुरी नभएकाले आफ्नो बचाउनका लागि मैले देउमानलाई मैले जोरले एक लात हानेँ । उल ढलमलिँदै भुइँमा पछारिहाल्यो । म भाग्न थालेँ । ऊ मलाई लखेट्दै मेरो पछाडि दगर्दै आएर मलाई दनादन खुकुरीले हान्यो । ठीक त्यही बेला संयोगवश मलाई राम्ररी चिन्ने दुई तीन जना बटुवाहरू त्यहीँ आइपुगेलको म ज्यान बचाएर त्यहाँबाट भाग्न सफल भएँ । का.भक्तबहादुरको मुखबाट यति कुरा सुनेपछि तुरुन्तै उनलाई साथमा लिएर हामीहरू (अर्थात् गोपाल दाइ र म) तत्कालीन प्रधानमन्त्री मरिचमान सिंहको बालुवाटार निवास गयौं । मुखले त उनले का.भक्तबहादुरप्रति थुप्रै सहानुभूति व्यक्त गर्दै देउमान लिम्बु र उसको अगुवाइमा जंगलका रुखहरू जथाभावी काट्नेहरू र तिनीहरू पछाडि उभिएका कर्मचारीहरू गरी तिनीहरूलाई ऐनबमोजिम सजाय दिने दिलाउने विश्वास दिलाए । तर व्यवहारमा चाहिँ त्यसको ठीक उल्टो स्थानीय प्रशासनलाई सुटुक्क का.भक्तबहादुरमाथि रुख काट्ने वन मास्ने अभियोगमा मुद्दा चलाउन लगाई दिनु नदिनु दुःख दिए ।

(क्रमशः)

# नेपालमा अग्ला टावरको लहड

**पूर्ण ओली**



मैले सबभन्दा पहिला सन् १९९० मा लेबनानको शान्तिमिसनमा गएको बेलामा इजिप्टको कायरो सहर घुम्न गएको थिएँ । त्यतिखेर त्यहाँको १४ तलाको भ्यु टावर हेरर कायरो सहरको झिलिमिलि हेर्न पाएको थिएँ । सन् २०१० सालमा अमेरिकाको वासिङ्टन डिसिमा रहेको टावरमा चढेको थिएँ । त्यहाँबाट पनि डिसिको ठूलो क्षेत्रको रमाइलो हेरिएको थियो । त्यसपछि सन् २०१२ र त्यसपछि निकै पटक अष्ट्रेलियाको भ्रमण गर्दा मैले सिडनीको रिभोल्भिङ टावरमा चढेर त्यहाँ भएको विशेष परिकारका खाना खाँदै सिडनी सहरको रातको झिलिमिलि बत्ती बलेको हेरेको थिएँ । त्यस्तै गरेर क्यानबेराको टावरबाट पनि अवलोकन गरेको छु । टावरको आफ्नै आकर्षण छ । जहाँबाट वरिपरिका दृश्यहरू रमाइलोसँग अवलोकन गर्न पाइन्छ ।




नेपालमा लामो समयसम्म भ्यु टावरको अभाव खट्किरहेको थियो । एउटा भएको धरहरा पनि त्यति व्यवस्थित नहुँदै २०७२ सालको महाभूकम्पमा भत्किएपछि नेपालमा टावरको अभाव नै भयो । तर नेपालमा भएका अग्ला पहाडहरूबाट हिमालका दृश्यहरू हेर्न मात्र पनि प्रशस्त विदेशी पर्यटकहरू आइरहन्छन् । अहिले लोकतन्त्र आएपछि नेपालमा टावर बनाउने होडबाजी नै चलेको देखिन्छ । अहिले धरहराको आधुनिक रुपान्तरण गर्दै भव्य रुपमा आवश्यक पार्किङस्थल समेत बनाएर निर्माण कार्य अघि बढाइएको छ । त्यस्तै गरेर रत्नपार्कको पुरानो बसपार्कमा पनि टावरसहितको अग्लो भवन बनाउने कार्य भइरहेको छ । उपत्यका बाहिर पनि धेरै स्थानमा ठूला साना धेरै टावरहरू बनिसके । झापालगायत कतिपय स्थानमा करोडौं खर्च गरेर अग्ला टावरहरू धमाधम बनाइँदै छन् ।


















टावर बनाएर त्यस क्षेत्रमा आउनेहरूलाई अवलोकन गर्न सजिलो अवश्य हुनेछ । यसबाट आन्तरिक पर्यटकहरू अवश्य तान्नेछ तर विदेशी पर्यटकहरू नेपालका टावर चढ्नभन्दा नेपालका पहाड, हिमाल चढ्न र पहाडी गोरेटो बाटोहरूमा साहसिक पैदल यात्रा गर्न बढी इच्छुक हुन्छन् । नेपालको प्राकृतिक सुन्दरता र स्वच्छ वातावरणले नै पर्यटकहरू आकर्षित गरेको छ । अहिले देशभरि बन्न लागेका टावरहरूले खासगरी केही हुनेखाने वर्गलाई बढी आकर्षण गर्नेछ । तर तल्लो वर्गका गरिब जनताको लागि यी टावरहरूभन्दा गाउँमा अत्यन्त अभाव भएको पिउनेपानी, र बाँझा खेतवारीमा सिँचाइको अभाव नै प्रमुख बिषय हुन् । त्यस्तै गरी सस्तो, सुलभ तथा गुणस्तरीय शिक्षा र स्वास्थ्यको अत्यन्त आवश्यक छ नेपाली जनसमुदायलाई । यसरी टावरहरूमा हुने करोडौंको खर्च यस्ता उत्पादक क्षेत्रमा लगानी गरिँदै निजी जीवन स्तरयुक्त हुने तथा युवाहरूलाई रोजगारीका अवसर पनि बढ्ने कार्यक्रम ल्याउन अत्यावश्यक छ । पानीको प्रबन्ध गर्न त्यस क्षेत्रमा भएका पानीका स्रोतहरू पहिचान गरी विभिन्न उपायद्वारा गाउँका प्रत्येक घर तथा खेतवारीमा पानी पुर्‍याउने प्रबन्ध सबै तहका सरकारले गर्न अत्यन्त आवश्यक छ । यसले मात्र तल्लो वर्गका जनतालाई तुरुन्त राहत दिन सक्छ । देश सम्पन्न हुँदै गएपछि सुविधापूर्ण क्षेत्रमा लगानी गर्न उचित हुनेछ । टावर बन्नु अनुचित नहोला तर यस्मा गरिने लगानीभन्दा कृषि उत्पादनमा लगानी बढाउन सकिए यसबाट सिमान्तकृत जनता धेरै लाभान्वित हुनेछन् । टावर बनाउँदा सिर्फ दृश्यावलोकनको लागि बनाइँदा यस्मा धेरै लगानी नहुन सक्छ । खासगरी अग्ला पहाडमा केही खर्च गरेर बनाइने टावरले पनि जनताका इच्छाहरू पूरा हुन सक्छन् । तर हाम्रो जस्तो गरिब मुलुकमा जहाँ विकासका पूर्वाधार छैनन्, युवाहरू रोजगारको अभावमा विदेशमा श्रम बेच्न जान बाध्य छन् । करोड र अरब खर्च गरेर बनाइने टावरबाट जनता लाभान्वित हुनेभन्दा यसबाट गरिब जनताको करबाट गरिने खर्चले जनतामा नकरात्मक प्रभाव पर्नेछ । यसतर्फ सबै तहका सरकारको ध्यान पुगोस ।

कथा

# स्वप्न भङ्ग

✍ **लक्ष्मी उप्रेती**

स्वप्न भङ्ग भएपछि जीवनमा देखिएका ससाना खुसीका कणहरू अनायासै मेटिँदा रहेछन् । विश्वास र भरोसाका पुञ्ज मेरा जीवन साथी विभाजित हुनाले, आस्थाका धरोहर मेरा मुटुका टुका विचलित भएकाले यसबेला दुःख सहेर शून्य जीवन बाँच्नु सिवाय कुनै विकल्प रहेन मेरो ।

दाम्पत्य जीवनका सुखद क्षणहरू सपना जस्तै बनेर छचल्किने भए अब अतीतका स्मृतिमा । वर्तमानले रक्ताम्मे पारेको विवश घाउ सुम्सुम्याउँदै खाटा बस्नै नसक्ने भविष्यको कल्पना कसरी गरूँ म ? विश्वासको धरातलमा उभ्याएर मेरो भोलि खोसिसके छन् मेरा आफ्नाहरूले नै आश्वासनको भ्रमित भाव बाँढ्दै । हरे १ कस्तो अन्तरघात गरे नि मलाई ।

बिरही पल बनेर बिझाउँने ए समय १ त निर्दयी नै होस् या मलाई घात गरिस् ? सुन्दर धुनको सङ्गीत बनेर रमाउने मेरो विगत आज कस्तो कुरूप बन्यो । अब तेरो रचनामा मेरो भविष्य कस्तो छ भन्न सक्छस् ?

केही समय प्रेम गरेर जीवन बुझेपछि बिहे गरेका पति अनिमेष र हाम्रा छोरा छोरी निमेष र निर्जासँग अलग्गिनुको पीडा सहेर अर्काको मुलुकमा कहालीलाग्दा पल गन्दै दिन रात खटेँ र सात वर्ष बिताएँ परिवारको सुख सोचेर । ती सबै व्यर्थ भएछन् । जस्का लागि आफूलाई रित्याएँ उसले मेरो जीवनमा छुरा घसेको आभास समेत पाइनँ मैले ।

जीवनमा यस्तो दिन पनि आउला भन्ने कल्पना समेत गरेकी थिइनँ । बिहे हुनुभन्दा अघि कति खुसी थिए । दुई दाजुहरूकी यौटी बहिनी भएकाले म परिवारमा नै प्यारी थिएँ । सम्पन्न परिवारमा जन्म भएकाले पनि होला गाउँका अरू साथीहरूको तुलनामा हरेक अवसर प्राप्त हुन्थ्यो मलाई । मैले रहर गरेका जुनसुकै चिज पनि तुरुन्तै पुरा हुन्थे । दुःख नभोगेकी मैले बिहेपछि मात्र थाहा पाएकी थिए अभावमा दुख्ने कष्टकर जीवनको घाउ ।

अतीतको मायाले यसबेला मलाई अवसादमा पारेको छ । मनका आवेगहरू भक्कानिएर पोखिन्छन् दुई आँखाबाट अविरल । राजनीतिक पृष्ठभूमि भएको मेरो परिवार । घरमा राजनीतिज्ञहरूको जमघट भैरहन्थ्यो । यही प्रभावले मलाई राजनीतिमा रुचि बढ्दै गयो । म आइ.ए. पढ्दै थिएँ ।

वि.सं. २०४६ मा जन आन्दोलन चर्कियो । देशमा राजनीतिक गतिरोधका कारण उत्पन्न आन्दोलनमा युवाशक्ति विद्यार्थीहरूको सहभागिता बढ्दै गयो । अलिअलि गर्दै केही दिनपछि शैक्षिक वातारण नै ठप्प भएर राजनीतिक वातावरणको माहौल व्याप्त भयो । विभिन्न दलका भातृसङ्गठनका विद्यार्थीहरूको सक्रियता बढ्दै गयो । आन्दोलन झन् चर्कन थाल्यो । जुलुस, नारा, कोणसभा, आमसभा, तोडफोड, चक्काजाम, आगजनी, धडकपड, लाठी चार्ज आदि इत्यादिले राजनीतिक वातावरणलाई ततायो । पारिवारिक समर्थन भएर पनि होला विद्यार्थी आन्दोलनमा हाम्रो कलेजबाट मेरो नेतृत्व अग्रपङ्क्तिमा रह्यो । प्रदर्शनकारीलाई दबाउने प्रयाशमा तत्कालीन सरकारले धडपकड गर्दा अग्रज नेताहरूसँगै केही साथीहरू र म पनि जेलमा परे दुई पटक । पहिलो पटक जेल पर्दा म निकै डराएकी थिएँ । तर राजनीतिक बन्दीहरूको जेल जीवन राम्रै हुँदोरहेछ ।

आफ्नै प्रखर क्षमताले विद्यार्थी राजनीतिमा सक्रिय रहेर अर्का कलेजका विद्यार्थी नेता अनिमेषसँग पहिलो भेट जेलमा नै भयो । हाम्रो विचार र उद्देश्य अनि यात्रा पनि एउटै थियो । उनको प्रभावशाली व्यक्तित्वका कारण जेलबाट छुटेपछि पनि हाम्रो भेट हुने क्रम बढ्दै गयो । बिस्तारै बिस्तारै राजनीतिक सहयात्रीभन्दा फरक अर्कै आसक्तिको आभास भयो हामीमा ।

समयको गतिसँगै राजनीतिक उतार चढावमा कहीँ जाँदा कसो कसो गरेर प्रायः सँगसँगै हुन थाल्यो । केही दिनपछि पार्टीका साथीहरूबाट पनि हाम्रो सामीप्यताको चर्चा सुरु भयो । त्यसपछि हामी सोच्न बाध्य भयौँ । हाम्रो मन मिलेकै थियो । अनिमेषले अभिभावकसँग सल्लाह गरेर मलाई माग्न पठाए । दुवैतिरका अभिभावकहरूबाट बुझाबुझ गरेपछि हाम्रो बिहेको टुङ्गो लाग्यो । महेन्द्रनगर घर भएका सम्पन्न परिवारका माइला छोरा अनिमेषलाई जीवन साथी बनाउँदा छोरी सुखी हुन्छे भन्ने सोचले ढुक्क भएर बिहेका लागि आएको प्रस्ताव मेरा अभिभावकले स्वीकार्नु भयो । अन्ततः केही समय पछि उहाँहरूले हाम्रो लगन गाँठो बाँधिदिनु भयो ।

बिहा पछि जहाँ जतिखेर निस्फिकी हिँड्डुल गर्न हामी स्वतन्त्र भयौँ । केही समयसम्म हाम्रो राजनीतिक जीवन सक्रिय भयो । बिहे भएको दुई वर्षमा हाम्रो छोरो निमेष जन्मियो । त्यसपछि राजनीतिमा मेरो सहभागिता अलि कम हुन थाल्यो । निमेष दुई वर्ष नपुग्दै छोरी निर्जाको जन्म भयो ।

त्यसपछि त छोराछोरीको स्याहार सुसारले नै मलाई व्यस्त बनायो । यसले गर्दा मेरो राजनीतिक जीवन झन्डै झन्डै शून्य नै भयो । समय आफ्नै गतिमा अघि बढि रह्यो । हाम्रो अवस्थामा उतार चढाव सुरु भयो । दुवै जना बेरोजगार । एकातिर अनिमेषको राजनीतिक जीवन अर्कातिर घर व्यवहारमा खर्च बढ्दै जान थाल्यो ।

आमा बाबुको मृत्युपछि माइतीतिरबाट पाउने सहयोगी हातहरू कम हुँदै गए । अनि आफ्नो पुर्ख्यौली सम्पत्ती बेच्दै जीवन गुजारा गर्नु हाम्रो बाध्यता रह्यो । केही समयसम्म यसरी पनि जिन्दगी धानियो । पुर्ख्यौली सम्पत्ति पनि सकिएपछि साथी भाइहरूसँग ऋण लिने क्रम सुरु भयो ।

अभावले जीवन कठिन हुँदै गयो । कामको खोजीमा दुवै जना लागि पर्‍यौं । तर कहीँ कुलखानदान र कही क्षमताका कारण कति ठाउँमा हामी अयोग्य भयौँ । त्यसपछि अनिमेष व्यावहारिक झमेलाबाट पिरोलिएर राजनितिक माहोलमा नै पूर्णकालीन समय बिताउन थाले । यसरी जीवन झन्झन् जटिल हुँदै गयो । के गर्ने भनेर हामीसँग कुनै उपाय नै भएन । अन्ततः राजनीतिकर्मीको लागि खुलेका विदेश यात्राको फायदा उठाएर सर सल्लाह गरी श्रीमान्सँगै बालक छोराछोरीलाई समेत छोडेर बेलायत जान बाध्य भएँ । त्यसबेला मातृत्वको आर्तनाद सहँदै विदेशी भूमिमा कठिनाइहरूसँग जुद्धै बिताएँ । उराठिलो सात वर्ष दिन रात काम गरेँ । काम गरेँ अनुसारको दाम पनि कमाउन सकेँ ।

मुटुको घाउलाई पलपल सुमसुम्याउँदै भविष्यको सुन्दर सपना सजाएर आफूलाई रित्याउँदै श्रीमान्को भरोसामा सात वर्षसम्म कमाएको पैसा सुम्पिरहेँ सही ठाउँमा उपयोग हुन्छ भन्ने विश्वासले, तर जीवनको विश्वास सोच जस्तो कहाँ हुँदोरहेछ र ? पहिला जति आफ्ना थिए ती सबै आफूबाट छुटिसकेछन् ।

पैसा कमाउने कामदेखि बाहेक अन्य केही समयखेर फालिनँ मैले । यता श्रीमान् र छोराछोरी बाहेक अरू सबै नाता सम्बन्ध साथी भाइ कोहीसँग पनि सम्पर्क राखिनँ । उनीहरूले सम्पर्क गर्न खोज्दा पनि सहयोग पो माग्ने हुन की भन्ने शङ्का गरेर सधैँ सम्पर्कविहीन हुनाका साथै समय पनि खेर फाल्न चाहिनँ । त्यसबेला सायद उनीहरूको सम्पर्कमा रहन सकेको भए मेरो केही त बच्न सक्थ्यो कि ? तर मेरो स्वार्थीपनले यसबेला मसँग केही रहेन । सङ्घर्ष गरेर सात वर्ष विदेशी भूमिमा बिताएको आफ्नो उराठिलो उमेरसँगै मेरा आफ्नाहरूबाट म छुटिसकेछु ।

आजको प्रतीक्षामा कति दिन बिताएर मनभरि उत्साह र उमङ्गका तरङ्ग छचल्काउँदै । अनिमेषसँगको मधुर मिलनको कल्पनामा बहकिएर उम्लिएथे । मुटुभरि ममताले सुमसुम्याउँदै छोराछोरीको सामीप्य सुखमा भावुक हुँदै नेपाल धर्ती टेकेथेँ । तर मैले कल्पना गरेका ती सबै सुनौला भावहरू अहिले चकनाचार भए सपना झैँ बनेर । हरे १ सपना झैँ लागेको यो जीवनको सपना, सपना नै भै दिए अर्काको सम्झेर पनि अबको जीवनमा विपना राम्रो पार्दै आफ्नो बनाउँथेँ । अब त मसँग जीवनका सपना पनि कुनै रहेनन्, विपनाको त के कुरा गरौँ ?

लामो समयको अन्तरालपछि हिजो नेपालको धर्तीमा पाइला टेकेँ । श्रीमान् र छोराछोरीकै न्यानो स्पर्शको अनुभूत गर्दै आफूभरि मायाको रङ भरेर आफ्नै जीवनको लोभ गरे आफैबाट । तर आज मायाका सबै रङ आफ्नै लागि हराउँदा त्यही जीवन यसरी कुरूप हुन पुग्यो ।

हिजो विमानस्थलबाट बाहिरिएर प्रतीक्षालयमा अनिमेषलाई देख्नासाथ सात वर्ष मैले भोगेका वियोग र वेदनाका सारा कुराहरू बिर्सिए । उनलाई छेउमा पाउना साथ पुलकित भएँ । छोराछोरीलाई वरिपरि खोजे देखिनँ । त्यसपछि "खोई मेरा निमेष र निर्जा" भनेर सोधे । अनिमेषले शिर झुकाउँदै भुइँतिर हेरेर जवाफ दिए, "उनीहरू साथीको घरमा गएका थिए । आउन ढिला गरे ढिलो होला भनेर म चै आएँ ।"

त्यसबेला मेरो मुटु च्वास्स भयो र पनि चुपचाप सहेँ अरू केही नसोची । अनिमेषले मेरो ब्याग गुडाउँदै ट्याक्सीमा ल्याएर राखे र चुपचाप ट्याक्सीमा चढे । उनको पछिपछि लाग्दै म पनि यन्त्रवत् मानव झैँ भएर उनीसँगै ट्याक्सीमा बसेँ । अनि उनले उही हाम्रो साँखुमा भएको घरको लोकेसन दिँदै ट्याक्सी लान चालकलाई निर्देशन दिए ।

साँझ झमक्क परिसकेको थियो । सडकका दुइछेउमा भएका बिजुलीका पोलबाट बत्ती झलल्ल बलेर उज्यालिँदा पनि मेरो मन अँध्यारो थियो । सडकमा साना ठूला वहानहरू बत्तीको चहक फ्याकेर सलल बग्दै ध्वनि प्रदूषणले वातावरणलाई नै आक्रान्त पारेको अवस्थामा मेरो मनस्थिति अशान्त भयो । अनि हामी बीचको मौनतालाई भङ्ग गर्दै अनिमेषलाई सोधेँ-"हामीले किनेको नयाँ घर सबै भाडामा नै दिएको छ ।"

"हो" मलाई नहेरी उनले एउटै अक्षरमा उत्तर दिए । यत्रो वर्षपछि आफ्नो घरमा आफ्नाहरूसँग सामीप्यको सुख भोग गर्न म आतुर भएकी थिएँ । गेट फूलले गेट छोपिँदै घर भित्ताबाट छानोसम्म लता टाँसिएर उकालिँदै गरेको त्यो घरले हजारौँ कहानी लुकाएर पनि अभिमान बोकेर उभिएको थियो । वरैबाट देखिने झ्यालमा हेरेँ पहिला झैँ यसपटक त्यहाँ कुनै आँखाहरूले चिहाएका थिएनन् । घरमा पुग्नासाथ मेरो उत्साह र उमङ्गका आतुरीहरू व्यर्थ भएर विषाद बन्यो । चकमन्नता ओडेर नियास्रिएको त्यो मेरो घर छोराछोरी बेगर मसँग नै अपरिचित भयो । अनि सशङ्कित भएर कढ्किँदै मैले सोधे "अनिमेष, खोइ मेरा छोराछोरी ।"

अनिमेषले झिजो मान्दै मबाट नै तर्कन खोजे । मैले बुझ्न सकिनँ उनलाई । त्यसबेला मैले प्रेम गरेर बिहे भएका पहिलेका मेरा अनिमेष जस्तो देखिन उनलाई । छोराछोरीलाई नदेख्दा मातृत्वले पिरोलेर आहत हुँदै रोएँ । अनिमेषसँग विरक्तिएर रातभर उनीसँगै भएर पनि कोसै टाढा भएँ । उनीसँग मिलनको चाह अन्त भइसकेको थियो । उनले पनि कुनै भाव प्रकट गरेनन् । अनिदो मेरो मष्तिष्कले अनेक कुरा सोच्दै छटपटिएर रूदै बिताए औँसीको त्यो कालो रात ।

सूर्यको चहकिलो आभा चारैतिर फिजारिन नपाई काम पर्‍यो भनेर निस्किएका अनिमेष साँझ परिसक्दा पनि आउने चालचुल छैन । मलाई असैह्य भयो र घर कुर्न बसेका कान्छा कान्छीलाई बोलाएर सोधेँ । उनीहरू निकैबेर बोलेनन् । शिर झुकाएर उभिरहे । बारम्बार प्रश्न गरेपछि हजुरलाई हामीले भनेको मालिकले थाहा पाउनु भयो भने हामीलाई तुरुन्तै यहाँबाट निकाल्नु हुन्छ " भन्दै कान्छो त्यहाँबाट हिँड्यो । कान्छी त्यही घुकघुक गर्दै घोप्टीएर रुन थाली । म अवाक भएर हेरिरहेकी थिएँ । एकछिन पछि कान्छीले रुँदै भन्न थाली "मालिक्नी हजुरको घर परिवार सब लथालिङ्ग भताभुङ्ग भैसक्यो । मालिक पनि हजुरको कमाइले किनेको घरमा एउटी छोरी सहितकी आइमाईसँग बस्नु भएको छ । निरज बाबु पनि भट्टिवालीसँग.........निर्जा मैया पनि पुलिससँग आफै बिहे.............।"

यो के भनेकी कान्छी तैले ? उमेर नै नपुगेको मेरो छोरो..............। जीवन नै नबुझेकी मेरी बालख छोरी ................। उफ १ मैले यो के सुन्नु पर्‍यो हरे । किन म याहाँ आएछु ।" बसिरहेको कुर्सिमा म फनन घुम्छु । मलाई थाह छैन् यसबेला सपना देख्दैछु वा विपनामा मूर्छित हुन लागेर हो म भासिँदै गएँ भासिँदै गएँ ।

समाप्त

# अनिकाल र द्वन्द्वको चपेटामा सोमालिया



**विष्णु भट्टराई**

पूर्वी अफ्रिकी राष्ट्र सोमालिया लामो समयदेखि सशस्त्र विद्रोहीहरूको चपेटामा छ। विद्रोही संगठन अलसबाब भने निकै शक्तिशाली मानिन्छ । अलसबाबले बम पड्काउने, निर्दोष मानिसहरूको हत्या गर्ने, लुटपाट मच्चाउने जस्ता आतंककारी गतिविधि गरेर सरकारलाई चुनौती दिइरहेको छ । यसले यसै साता बम ब्लास्टिङ गराएर आधा दर्जन नागरिकको प्राण हरण गरेको छ । आदिवासी क्षेत्रहरूमा यसको विशेष वर्चस्व रहेको छ । गजब के छ भने सोमालियामा अन्न खान नपाएर दिनहुँ मानिस मरिरहेका छन् तर अलसबाबले भने अत्याधुनिक बन्दुकहरू बोकेर सरकारसँग लडिरहेको छ। उनीहरूले हतियार कसरी किन्छन्, पैसा कहाँ पाउँछन् ? कहाँबाट हतियार ल्याउँछन् अनि उनीहरूको युद्धको उद्देश्य के हो ? सोमालियाका जनतालाई थाहा छैन । अलसबाबको आक्रमणहरूका समाचारले विश्व सञ्चार क्षेत्रलाई मसला भने दिइरहेको छ।

केही दिनअघिको घटना हो, सोमालियाको एक अस्पतालमा खान र आवश्यक प्रसूति सेवा नपाएर एक महिला र नवजात शिशुले ज्यान गुमाउनु पर्‍यो । यो समाचारलाई अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले प्राथमिकताका साथ प्रसारण गरे। तर यसको प्रभाव कतै पनि परेको देखिएन। विज्ञान प्रविधिको विकास चरमोत्कर्षमा पुगिरहेको अहिलेको समयमा एउटी महिलाले सामान्य प्रसूति सेवा पाउन नसकेर प्राण त्याग्नुपर्छ । योभन्दा लाजमर्दो अवस्था अरु के हुन सक्छ ? दुनियाँमा महिला हक अधिकारका लागि भनेर काम गर्ने एनजीओहरूको बिगबिगी छ। महिलावादी अन्तर्राष्ट्रिय संघसंस्थाहरू छन् । तर सोमालियाको यो घटना उनीहरूका लागि असाधारण बन्न सकेन। संयुक्त राष्ट्र संघ समेतले एक्काइसौं सदीको यो लज्जास्पद घटनालाई गम्भीरतापूर्वक लिएको देखिएन । एक महिलाले सुत्केरी हुँदा खान नपाएर भोकभोकै मरेको यो घटना साच्ची हृदयविदारक छ। धनीका घरमा पालेको टाइसन कुकुरले दिनमा ६ केजी मासु खाने गरेको समाचार पढ्न पाइन्छ तर सोमालियाका महिलाहरू सुत्केरीमा उपचार सेवा त परै जाओस् भोकभोकै तड्पी तड्पी मरिरहेका छन्। एकातिर गरिबी त्यस्तो छ, त्यहीँ फेरि सशस्त्र द्वन्द्व दन्दनाइरहेको छ । उफ, कस्तो होला त्यहाँको जनजीवन ?

सोमालियामा अनिकाल लागेको धेरै वर्ष भयो । प्रकृतिले पनि ठगेको छ, सोमालियालाई । पानी पर्दैन, अन्नबाली फल्दैन। जंगलका कन्दमूल पनि सकिए । जंगली पशुहरू र चराचुरुंगीहरू पनि देखिँदैनन् आजकल। शिकार गरेर पेट भर्ने त्यहाँका आदिवासीहरूको बिजोग हुने क्रम बढ्दो छ। भोकभोकै आन्द्रा सुकेर मर्दैछन् त्यहाँका बासिन्दा । राम्रा र स्वास्थ्य बच्चाहरू कतै देख्न पाँइदैन। कुपोषणले घिनलाग्दा छन् बालबालिकाहरू । दिनहुँ खान नपाएर मर्नेहरूको संख्या बढिरहेको छ । बाँच्नका लागि आफ्नै सन्तानको मासु खानुपर्ने नियति बन्दै छ सोमालियाबासीका लागि। यस्तो घटना घटेमा उनीहरूलाई दुनियाँले राक्षसको संज्ञा दिनेछन्। धार्मिक ग्रन्थहरूम वर्णन गरिएका राक्षस हुनेछन् उनीहरू। यस्तो घटना भलै नघट्ला तर भोको पेटले जे पनि गर्न सक्छ भन्ने यथार्थतालाई बिर्सन सकिन्न । दुई वर्षको अवधिमा दुई लाख ६० हजार सोमालियाबासी खान नपाएर मरिसके । तीन वर्षअघि संयुक्त राष्ट्रसंघले एक अर्ब डलर खर्च गर्न सकिए सोमालियाको अनिकाल टर्न सक्ने भन्दै सहयोगका लागि आह्वान गरेको थियो । तर कुनै पनि धनी राष्ट्रले सोमालियालाई आर्थिक सहयोग गर्न चाहेनन्। राष्ट्रसंघले भनेको छ यदि सोमालियामा खाद्यान्न सहयोग नभएमा अब पाँच लाख मानिस भोकले मर्नेछन्। अर्थात् अहिले त्यहाँ पाँच लाख जनता मृत्युका मुखमा छन्। एकातिर आन्तरिक द्वन्द्वमा मारिनेहरूको संख्या बढ्दो छ भने अर्कातिर अन्नाभावले यति धेरै मानिसहरू मृत्युका नजिक पुगेका छन्। सोमालियाको यस्तो भयावह र दारुण स्थितिप्रति विश्वका धनी राष्ट्रहरूले रत्तिभर पनि ध्यान दिएका छैनन्। मानव सभ्यताले चरमोत्कर्षको रुप लिइरहेको वर्तमान समयमा सोमालियाको भोकमरिको अवस्था किंवदन्ती जस्तो बनिरहेको छ।

पूर्वी अफ्रिकी मुलुक सोमालिया लगायत अन्य आधा दर्जन मुलुकहरूमा भोकमरीको समस्या छ। यी देशमा चार दशकयता प्राकृतिक विपत्ति र गृहयुद्धले मानवीय संकट गहिरिँदै गएको छ। यो खबर विश्व समुदायलाई थाहा नभएको अवश्य होइन। अझ सोमालिया लामो समयदेखि खडेरीको मारमा छ। त्यहाँको जनजीवन अस्तव्यस्त छ र संकटमा छ । यदि त्यहाँ खाद्यान्न सहयोग उपलब्ध हुन सकेन भने सिंगो जनसंख्या नै भोकले मर्ने अवस्था आउन सक्छ। तर सोमालियालाई सहयोग गर्ने बारेमा विश्वका नेताहरूको ध्यान जान नसक्नु दुःखपूर्ण छ। धनी देशहरूले सहयोग गर्ने इच्छा व्यक्त गरे सोमालियाको समस्या हल हुन धेरै दिन लाग्दैन । त्यहाँ समुद्री मार्गबाट वा हवाई मार्गबाट तत्काल खाद्यान्न पुर्‍याउन सकिन्छ। राष्ट्रसंघले बेलाबेलामा खाद्यान्न सोमालियामा पुर्‍याए पनि त्यो हात्तीको मुखमा जिरा हुने गरेको छ । एक अर्ब डलरको अभावमा एउटा प्राचीन सभ्यता बोकेको ऐतिहासिक मुलुक सोमालिया मानवविहीन बन्न सक्ने खतराको संघारमा देखिएको छ। धनी मुलुकका मानिसहरू धेरै खानपिनका कारण उच्च रक्तचाप र सुगरका रोगी भइरहेका छन् तर सोमालियाका जनताका खान नपाएर घुँडाका पाँग्रा निस्किरहेका छन् । आफ्नै शरीरका हड्डीले घोच्न थालेको छ उनीहरूलाई । बस्दा पनि चाक बिझाउँछ उठेर हिँड्ने तागत छैन आन्द्रा सुकेका छन्, भोकले । योभन्दा वीभत्स हालत अरु के हुन सक्छ सोमालियाबासीका लागि। भोकैले मर्नुपर्ने कस्तो नियति हो उनीहरूको ?



हालै गरिएको एक अध्ययनअनुसार अमेरिका, फ्रान्स, बेलायत, जर्मन, जापान आदि धनी मुलुकहरूमा कुकुर र बिरालाका लागि अर्बौं डलर खर्च भइरहेको छ। कुकुर र बिराला पालनमा सौखिन छन् धनी मुलुकका बासिन्दा । जबकि विश्वका एक करोड २० लाख जनता दुई छाक खान पाउँदैनन्। उक्त करोड मानिसले भोकभोकै रात गुजार्ने गरेका छन्। विश्वमा खाद्यान्नको अभाव छैन । विश्व जनसंख्या सात अर्बलाई खान पुगेर पनि बढी हुन्छ उत्पादित खाद्यान्न। धनी देशहरूले खाद्यान्न बढी भएर समुद्रमा फ्याँक्ने गरेका छन् । पशुपक्षी समेतले खाएर पनि बढी हुन्छ खाद्यान्न। तर खाँद्यान्न नपाएरै सोमालिया लगायत पूर्वी अफ्रिकी राष्ट्रका जनता मृत्युवरण गर्न बाध्य छन्। खाद्यान्नको वितरणमा ठूलो पक्षपात छ। धनी देशले उब्रेको खाद्यान्न पैसा पाए बेच्छन्, नपाए समुद्रमा हुत्याइदिन्छन् । गरिब देशहरूलाई खाद्यान्न सहयोग गर्न उनीहरूले मनवीयता देखाउँदैनन् । खाद्यान्न वितरणको असमानताले अनिकालग्रस्त क्षेत्रलाई सधैं प्रभाव पार्ने गरेको छ । पुँजीवादी देशहरूले गरिब देशका जनतालाई सहयोग गर्ने इच्छाशक्ति नराखेकै कारण सोमालियाको हालत चौपट भएको छ। धनी देशहरूका मानिसले कुकुर र बिरालापालनमा गर्ने खर्चको एक अंश पूर्वी अफ्रिकी राष्ट्रहरूलाई सहयोग गर्ने हो भने त्यहाँको भोकमरीको अन्त्य टाढा छैन।




विज्ञान प्रविधि र मानव सभ्यताको विकास जति उचाइमा पुगिरहेको छ, पूर्वी अफ्रिकी देशका जनताको हालत नारकीय बनिरहेकोमा मानव सभ्यताकै भारी बेइज्जत भइरहेको छ । मान्छे चन्द्रमामा र मंगलग्रहमा बस्ती बसाउने तरखर गर्दैछ।

चन्द्रमालाई पर्यटकीय क्षेत्रका रुपमा विकस गरिँदैछ । भरपुर दाम हुनेले अब चन्द्रमामा सयर गर्ने भएका छन् । तर सोमालियाका जनता भने अन्न खान नपाएर एकपछि अर्को गर्दै यमलोक पुग्दैछन् । चन्द्रयात्रा, मंगलग्रह खोजमा अर्बौं डलर खर्च भइरहेको छ । हो, चन्द्र धरातल मंगलग्रहमा मान्छे पुग्नुले मान्छेले प्रकृतिमाथि विजय गर्दै गएको खुसीको पक्ष छ तर यसमा खर्च हुने रकमले भोका पीडित पूर्वी अफ्रिकी देशका जनतालाई भने अवश्य खिज्याइरहेको छ। अर्को पक्ष पनि छ, धनी देशहरूले हतियार निर्माणमा मात्र खर्बौं डलर खर्च गरिरहेका छन् । अमेरिका, रुस, चीन, जर्मन, फ्रान्स, बेलायत लगायतका धनी राष्ट्रहरू हतियार निर्माणको होडबाजीमा लागेका छन्। सबभन्दा बढी हतियार उत्पादन अमेरिकाले गरिरहेको छ । उसको हतियार बजार मध्यपूर्वका देशहरू रहेका छन्। अमेरिकी हतियार किन्न खाडी मुलुकका शासकहरू अत्यन्त लालयित देखिन्छन् । अमेरिकाले इजरायलमा जुन हतियार बेच्छ त्यस्तै हतियार चाह गर्छन् उनीहरू । तेल बेचेर धनी भएका खाडी मुलुकहरू तेल बेचेको पैसा अमेरिकी हतियार खरिदमा लगानी गरिरहेका छन् । यता अमेरिकी भने इजरायललाई शक्तिशाली हतियार आपूर्ति गरेर र सहयोगको राशि वृद्धि गरेर मध्यपूर्वमा इजरायललाई शक्तिशाली बनाइरहेको छ। वार्षिक खर्बौं डलर आम्दानी गर्छ अमेरिकाले हतियार बेचेर । रुसले इरानमा हतियार बेच्छ, सिरियामा बेच्छ । चीनले श्रीलंका, म्यान्मार, पाकिस्तान लगायतका एसियाली मुलुकहरूलाई हतियार बिक्री गरिरहेको छ । हतियार उत्पादन र बिक्रीबाट धनी देशहरू झन् धनी बन्दैछन्। अझ थुप्रै देशहरू परमाणु शक्ति सम्पन्न बन्न अरबौं डलर खर्च गरिरहेका छन् । हतियारमा खर्च हुनेमध्ये एकतिहाई अंश मात्र मानव कल्याणमा लगाइने हो भने विश्वमै गरिबीको अन्त्य हुन सक्छ तर धनी राष्ट्रहरू गरिब राष्ट्रका लागि लगानी गर्न रुचाउँदैनन्। ठूला समृद्ध मुलुकले युद्ध हतियार र अन्तरिक्ष अभियानका लागि गरेको खर्चमा थोरै मात्र कटौती गर्ने हो भने विश्वका कुनै पनि स्थानका लागि बासिन्दाले खाद्यान्नको संकटको सामना गर्नुपर्दैन । हतियार र युद्धमा खर्बौं डलर खर्च गर्ने समृद्ध देशहरूले मानवताका लागि एक अर्ब खर्च गर्न पनि नचाहँदा पूर्वी अफ्रिकी मुलुकहरूले भोकमरीसँग लडिरहन परेको छ । जुनसुकै देशका मनिस भए पनि जन्मेपछि मानवीय मूल्यमान्यता अन्तर्राष्ट्रिय कानुनअनुसार पेटभरी खान पाउनुपर्ने हो । तर मनवाधिकारको डंका पिट्ने वैभवशाली राष्ट्रहरू यसबारे मौन बस्नु सर्वथा आश्चर्य छ।

सोमालियामा पछिल्लो पटक देखिएको चरम मानवीय संकट एक अर्ब डलर खर्च गर्ने हो भने तत्कालका लागि टर्ने भन्दै ठूला देशलाई सहयोगका लागि राष्ट्रसंघले आग्रह गरे पनि त्यसको सुनुवाई भएको छैन । पूर्वी अफ्रिकी केही मुलुकहरू भोकमरी र द्वन्द्वको सिकार बन्दै आएका छन्। सन् २००५ मा नाइजेरियामा र सन् २००८ मा सुडानमा हजारौं मानिसहरू भोकभोकै मरे। कंगोमा सन् १९८९ देखि २००४ का बीचमा लाखौं मानिस खडेरीको चपेटामा निसासिए । स् १९८५-८८ र २००० मा इथोयोपियामा खाद्यान्न अभावले दश लाख मान्छे परमधाम पुगे। सन् १९६७-७० को खडेरीले बाइफामा दश लाख मान्छे खान नपाएर मरे। सन् १९७० मा युगान्डामा भोकमरीले हजारौं मानिस मरे । सन् १९९१-९२ मा सोमालियामा खडेरी परेर दुई लाख मानिस मरे। अहिले ५ लाख मानिस अनिकालले ग्रस्त छन् । सोमालियाको ठूला र सम्पन्न देशहरूले आर्थिक र खाद्यान्न सहयोग गर्न आवश्यक छ। मानवीय सभ्यताले जतिसुकै उचाइ ग्रहण गरे पनि सोमालियाको भोकमरीले त्यसलाई गिज्याइरहेको छ।

*(एजेन्सीको सहयोगमा)*





प्रेरक

## आइन्स्टाइनको कालो दिन

प्रथम विश्वयुद्धको अन्त्यसँगै शक्ति राष्ट्रहरू परमाणु अस्त्र निर्माणमा होडबाजी गर्न थाले । जर्मनका वैज्ञानिकहरूले परमाणु बम बनाइसकेका थिए । तर हिटलरले यहुदी वैज्ञानिकहरूको विश्वास गर्न नसकिने भन्दै केही वैज्ञानिकलाई जेलमा कोचे र कतिलाई नजरबन्दमा राखे । जर्मनमा परमाणु बम बनेको छ भन्नेमा अन्य शक्तिराष्ट्र विश्वस्त थिएनन् । जब आइन्स्टाइनले यसबारे तत्कालीन अमेरिकी राष्ट्रपति रुजबेल्टलाई पत्रद्वारा जानकारी गराए, तब रुजबेल्ट छक्क परे ।

तयार भएको परमाणु बमको परीक्षण कहाँ गर्ने भन्ने कुरा चल्यो । आइन्स्टाइनले मानवरहित कुनै टापुमा गरे राम्रो हुने सुझाव । तर यस्तो निर्जन स्थानमा परीक्षण गर्दा बमको क्षमता थाहा नहुने भएकाले मानव बस्तीमै बमको परीक्षण गर्नुपर्नेमा अमेरिकाको जोड रह्यो । कति मानवलाई बलमे ध्वस्त गर्न सक्छ भन्ने जानकारी प्राप्त गर्ने उद्देश्यले अमेरिकाले 'लिटर ब्याय' नाम गरेको परमाणु बम सन् १९४५, ६ अगस्टका दिन जापानको सहर हिरोसिमामा मध्यरातमा खसाल्यो । ६५ हजार मानिस प्रभावित भए । २० हजार त एकै चिहान भए । २५ हजार बढी घाइते भए । पन्ध्र हजारभन्दा बढी विकिरणले विकलांग बने । रुख बिरुवा समेत खरानी भए । नदीको पानी उम्लियो । आकाश पूरै कुइरोले ढाकियो । कृत्रिम अम्लिय वर्षा समेत भयो । नदीका माछा र भ्यागुता मरेर तैरिए । हृदयविदारक दृश्य थियो त्यो । रेडियोधर्मी विकिरणले मान्छेका छाला कहिल्यै निको नहुने गरी पिल्सिए ।

त्यसको लगत्तै ९ अगस्टमा 'फ्याट म्यान' नाम गरेको अर्को परमाणु बम नागासाकी सहरमा खसाइयो । त्यहाँ पनि ठूलो धनजनको क्षति भयो । जापानको युद्धको उन्माद पनि बम धमाकासँगै चकनाचुर भयो । परमाणु बम बनाउन विशेष भूमिका निभाएका आइन्स्टाइनले जापानमा भएको अपार मानवीय क्षति र भौतिक संरचनाको सर्वनाशको समाचार सुने । उनी खिन्न भए । उनले भने मानवले प्रकृतिमाथि मजाक गरेको छ । विज्ञानले सृष्टिमाथि अन्याय गरेको छ । बम खसालिएको त्यो दिन अर्थात् ६ अगस्ट मानव इतिहासमै कालो दिन भएको छ । ६ अगस्टलाई सधैं मान्छेहरूले कालोदिनकै रुपमा सम्झने छन् । मानव सभ्यतामाथि विज्ञानको यो गलत प्रहार हो ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

सुरुमा खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ । फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला । अरूको विश्वासमा पर्दा धोका हुन सक्छ । टाढाका साथीभाइसँग सम्पर्क बढ्नाले यात्राको सम्भावना देखिन्छ । दिउँसोदेखि परिस्थिति अनुकूल बन्नाले महत्त्वाकांक्षी काम गर्न सफल भइनेछ । तारिफयोग्य कामले प्रशंसक बढ्नेछन् । ज्ञान, कला र व्यक्तित्व निखार्ने समय छ ।

### वृष

आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । प्रयत्न गर्दा दिगो काम प्रारम्भ हुन सक्छ । स्रोत-साधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ । तर खर्च बढ्नाले अर्थ संग्रहमा बाधा पुग्नेछ । सरसापट र भैपरी आउने कामले रकम बाहिरिन सक्छ । अपराह्नतिर बसाइको स्थानान्तरण वा टाढाको यात्रा हुने सम्भावना देखिन्छ । परिस्थितिजन्य समस्याले अलि दुःख पाइनेछ ।

### मिथुन

कीर्तिमानी कामको यश लिँदै लोकप्रियता हासिल गर्न सकिनेछ । आफ्नो क्षेत्रमा नाम र दाम कमाउने समय छ । शुभचिन्तकहरूको सहयोग जुट्नाले मनग्य फाइदा हुनेछ । कर्मयोगले आम्दानी समेत बढाउनेछ । दिउँसोदेखि विभिन्न स्रोतबाट रकम हातलागी हुनेछ । आँटले काम बन्नेछ भने मिहिनेतले लक्ष्यमा पुर्याउनेछ । व्यापार बढ्नेछ र अड्किएको रकम पनि उठ्नेछ ।

### कर्कट

प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ । धर्मकर्म तथा परोपकारी काममा प्रवृत्त भइएला । मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउनेछ । भविष्यका लागि जग बसाउन सकिनेछ । भौतिक साधन जुट्नेछन् भने दिगो काम गर्ने समय छ । व्यापारमा मनग्य लाभ हुनेछ । मिहिनेतले कीर्तिमानी कामको यश लिने सौभाग्य प्राप्त हुनेछ ।

### सिंह

स्वास्थ्य कमजोर रहनाले काम पूरा गर्न केही बढी समय लाग्नेछ । जिम्मेवारी बढे पनि न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ने परिस्थिति देखिन्छ । स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्याउनुहोला । दिउँसोदेखि स्थितिमा सुधार आउनेछ । चुनौतीहरू स्वतः हट्नेछन् भने अवसर तथा सफलताले पछ्याउनेछन् । मिहिनेत परे पनि भाग्यले सफलताको उचाइमा पुर्याउन सक्छ ।

### कन्या

सुरुमा रमाइलो यात्रा र मनोरञ्जनको आनन्द लिने समय छ । आतिथ्य खर्चिलो देखिए पनि सत्कार पाइनेछ । प्रेम र मित्रताको बन्धन कसिनेछ । विभिन्न भौतिक वस्तुहरू जुटाउन सकिनेछ । दिउँसोदेखि आफन्त टाढिनेछन् । सुमधुर सम्बन्धका लागि व्यवहारमा ध्यान पुर्याउनुहोला । स्वास्थ्यमा कमजोरी देखापर्न सक्छ । प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला ।

### तुला

रोकिएका काम बन्नाले मनग्य लाभ हुनेछ । द्वेष वा ईर्ष्या गर्नेहरूले हार खानेछन् । चुनौती पन्छाएर काम बनाउन सकिनेछ । व्यापारलगायत आर्थिक लाभ हुने नयाँ योजना शुभारम्भ हुनेछ । दिउँसोदेखि रमाइलो जमघटमा सहभागी भइनेछ । परिवेश उल्लासमय रहे पनि बाध्यताले निरीह बनाउन सक्छ । प्रतिष्ठा एवं लोकाचारका लागि फजुल खर्च समेत गर्नुपर्ने हुन सक्छ ।

### वृश्चिक

सुखद समाचारले उत्साह जगाउनेछ । अध्ययनमा प्रगति हुनेछ । तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ । बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ । बौद्धिक अभिव्यक्तिको प्रभाव बढ्नेछ । दिउँसोदेखि नयाँ कामतर्फ अग्रसर भइनेछ । आम्दानीका स्रोत पनि बढ्नेछन् । प्रतिस्पर्धामा समेत विजयी भइनेछ । मिहिनेतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउन सक्छ ।

### धनु

हतारमा निर्णय लिँदा काम बिग्रन सक्छ । तत्कालको फाइदा हेर्दा पछिलाई समस्या पर्नेछ । बेसुरमा बोल्ने बानीले पनि दुःख पाइनेछ । अरूलाई दिएको वचन पूरा गर्न नसकिए पनि शुभचिन्तकहरूले साथ दिनेछन् । दिउँसोदेखि बौद्धिक कलाको प्रभाव बढ्नेछ । बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ । पहिलेको दुविधाले निर्णायक मोड लिनेछ । आम्दानीका स्रोत बढ्नेछन् ।

### मकर

प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । कर्मयोगले नयाँ मोड लिनेछ भने मिहिनेतले नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ । दिउँसोदेखि साथीभाइसँग केही सन्तुलित व्यवहार गर्नुपर्ला । बेसुरमा काम गर्ने बानीले पनि मेहनत खेर जानेछ । पुरानो गतिले पनि काम बिग्रन सक्छ ।

### कुम्भ

परिस्थितिले नयाँ मार्गतर्फ अग्रसर गराउन सक्छ । विविन्न भौतिक सुविधाका वस्तुहरू जुटाउन सकिनेछ । दिगो काम प्रारम्भ हुनाले आम्दानीका स्रोत बढ्नेछन् । अध्ययनमा प्रगति हुनुका साथै अनुभवलाई पनि निखार्ने अवसर प्राप्त हुनेछ । दिउँसोदेखि विभिन्न स्रोत( साधन प्राप्त हुनेछन् भने कर्मको उचित प्रतिफल प्राप्त हुनेछ । नगद जुट्नाले दैनिकीमा परिवर्तन आउनेछ ।

### मीन

इच्छाशक्ति बढ्नुका साथै कीर्तिमानी कामको यश लिने अवसर प्राप्त हुनेछ । समय फुर्सदिलो देखिए पनि रचनात्मक कार्य शुभारम्भ गर्न सकिनेछ । पारिवारिक जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । विभिन्न अवसर प्राप्त हुनुका साथै दैनिकीमा परिवर्तन आउनेछ । सानो प्रयत्नले दिगो काम प्रारम्भ गर्न सकिनेछ । अपराह्नतिर आयस्रोत पनि सबल बन्ने देखिन्छ । स्वास्थ्यमा ख्याल गर्नुहोला ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Outlandish = अनौठो नौलो He prefers always outlandish clothes (ऊ सधैं नौलो किसिमको लुगा मनपराउछ )

Precarious= खतरापूर्ण Since the stock was overpriced, it would be precarious to purchase it (शेयरको मूल्य वढदै गएको अवस्था त्यो किन्नु खतरापूर्ण हुन्छ )

Quandary = छनौट As he passed the entrance examination in both the renowned universities, she was in a quandary as to which university she should attain (नाम चलेको दुवै विश्वविद्यालयमा प्रवेश परिक्षा पास गरेपछि उन्लाई कुनचाहि विश्वविद्यालयमा भर्ना हुने हो भन्ने छनौटको समस्या पर्‍यो )

Ruse = ठगी Getting into the cinema hall without paying is an open ruse (पैसा नै नतिरी हल भित्र पस्नु खुला ठगी हो )

Stint = सीमा तोक्नु वा आफूलाई सिमित गर्नु She stinted herself of food in order to let the children enough (छोराछोरीलाई खाना प्रशस्त होस भन्नाको खातिर उन्ले आफ्नो खानाको परिमाणलाई सिमित पारिन)

Turbulence = हिंसात्मक, उत्तेजक, खतरापूर्ण Pilot advised the passengers to tighten the belt in view of approaching atmospheric turbulence (मौसममा आएको खतरापूर्ण स्थितिलाई विचार गर्दै पाइलटले यात्रुहरूलाई सिटको पेटी कस्ने सल्लाह दिए )

Unsightly = कूरुप, हेर्नै नसकिने Although he is a good surgeon, he can not bear the unsightly injury (ऊ राम्रो सर्जन भएतापनि विभत्स चोटपटकलाई ऊ सजिलै हेर्न सक्तैन )

Vulpine = फ्याउरोको जस्तो He is very much famous for his vulpine intelligence (फ्याउरोको जस्तो चलाखीको लागि उ नामुद छ )

Wangle = चलाखिद्वारा कुनै कुरा मिलाउन खोज्नु She did her best to wangle an extra week holiday for herself (हप्ताकोएकदिन अरू विदा आफूलाई मिलाउन तिनले ठूलै चलाखिगरिन )

Antipathy= घृणा Mostly the white racists have antipathy towards negros धेरैजसो गोरा रंगभेदीहरू कालाहरूलाई घृणा गर्दछन् ।

## Let बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

**Let** बाट के के कुरा भन्न सकिन्छ थाहपाई राख्नुहोस

Let something off = पड्काउनु Already before Tihar. The boys were letting of fireworks (तिहार अघिनै केटाहरू पड्का पडकाउदै थिए )

Let on about something = कुरा खोल्नु He decided to marry but did not let on about it to anyone (उस्ले विवाह गर्ने निर्णय गर्‍यो तर यो कुरा कसैलाइ खोलेन )

Let somebody out = छोड्न दिनु As he found himself unable to carry out the task he wanted to resign but I did not let him out काम गर्न नसकेको कारण उस्ले काम छोडन चाहेता पनि मैले उस्लाई छोड्न दिन ।

Let something out = खुकुलो वनाउनु This trouser is very tight for me I want to let it out यो सुरुवाल मलाइ कसिलो छ म यस्लाई खुकुलो वनाउन चहान्छु ।

Let somebody through = उतिर्ण गरिदिनु He was not satisfied with his trial but the examiner let hom through उ आफनो प्रयोगात्मक परिक्षाबाट सन्तुष्ट थिएन तर जाचकीले उस्लाई उत्तिर्ण गरिदियो ।

Let up = सुस्ताउनु, कम हुनु । Will this rain let up? के यो झरी कम होला र ?

Let down = निराश In this election our party will have no let down (यस पटकको निर्वाचनमा हाम्रो दल निराश हुनु पर्ने छैन )

## सुडोकु–अंक २१०

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | | ५ | | | | | | १ |
| | | ४ | २ | | | ७ | | |
| | ६ | ८ | ५ | | | | | |
| | | | ९ | ६ | | | | २ |
| | | | | | | | ९ | |
| २ | | | | ८ | १ | | | |
| | | | | | ३ | ९ | १ | |
| | | ३ | | | ४ | ६ | | |
| ५ | | | | | | २ | | ७ |

## अंक २०९ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | ८ | १ | ५ | ७ | ३ | ९ | ४ | ६ |
| ३ | ५ | ९ | ४ | ६ | २ | ७ | १ | ८ |
| ४ | ७ | ६ | ९ | ८ | १ | ५ | २ | ३ |
| ७ | १ | ३ | २ | ९ | ४ | ८ | ६ | ५ |
| ५ | ९ | ८ | ६ | १ | ७ | २ | ३ | ४ |
| ६ | ४ | २ | ३ | ५ | ८ | १ | ७ | ९ |
| १ | २ | ५ | ८ | ३ | ६ | ४ | ९ | ७ |
| ८ | ३ | ७ | १ | ४ | ८ | ६ | ५ | २ |
| ९ | ६ | ४ | ७ | २ | ५ | ३ | ८ | १ |

# समाचार संक्षेप

## अस्थाई प्रहरी बिट उदघाटन

झापा । सीमा क्षेत्रमा हुने अपराध न्यूनीकरणका लागि भद्रपुर नगरपालिका(५ स्थित नेपाल, भारत सिमानाका नजिक मेची पुल पारी अस्थाई प्रहरी बिटको स्थापना गरिएको छ । उक्त बिटको भद्रपुर नगरपालिका प्रमुख जिवन कुमार श्रेष्ठले सोमबार आयोजित एक कार्यक्रमबीच उदघाटन गर्नुभयो ।

गत जेठ २४ गतेबाट निर्माण कार्य शुरु भएको उक्त बिट जम्मा १६ लाख ८० हजार ६ सय ५८ रुपैयाँको लागतमा निर्माण कार्य सम्पन्न भएको हो ।

सीमा क्षेत्रमा हुने आपराधिक गतिविधिहरूको रोकथाम गरी नागरिकलाई शान्ती सुरक्षाको प्रत्याभूति दिलाउने उद्देश्यले वडा प्रहरी कार्यालय भद्रपुर र सामुदायिक प्रहरी सेवा केन्द्र भद्रपुरको बिशेष पहल तथा भद्रपुर नगरपालिकाको सहयोगमा उक्त प्रहरी बिट निर्माण गरिएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

## रकम असुली गर्ने पक्राउ

काठमाडौं । धम्काउदै रकम असुली गर्न खोजेको अभियोगमा काठमाडौं बागबजार मोडल हस्पिटल अगाडिबाट ३ जनालाई आइतबार प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा काठमाडौं असन बस्नेहरू दोलखा मेलुङ गाउँपालिका(२ घर भएका १९ वर्षीय प्रदिप कार्की, दोलखा शैलुङ गाउँपालिका(८ घर भएका १९ वर्षीय सुरज भण्डारी र काठमाडौं काडाँघारी बस्ने दोलखा शैलुङ गाउँपालिका-८ घर भएका २१ वर्षीय किरण कार्की रहेका छन् । काठमाडौं उपत्यकाका विभिन्न व्यक्तिहरूलाई फोन तथा एसएमएस गरी ज्यान मार्ने डर धम्की दिई लाखौं रकम माग गरी उक्त रकम नदिए क्षति पुर्यावउने भनी धम्की दिने गिरोह सक्रिय रहेको भन्ने सूचनाको आधारमा महानगरीय अपराध महाशाखा मिनभवनबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनीहरूलाई पक्राउ गरेको हो । साथै उनीहरूको साथबाट धम्क्याउन प्रयोग गरेको ५ वटा मोबाइल तथा सीमहरू समेत प्रहरीले बरामद गरेको छ । उनीहरूलाई थप अनुसन्धानका लागि महानगरीय प्रहरी वृत्त नयाँ बानेश्वर पठाइएको उक्त व्यूरोले जनाएको छ ।

## अवैध लागूऔषध सहित पक्राउ

झापा । बुद्धशान्ति गाउँपालिका(४ किँरात चोकबाट ६ ग्राम अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ सहित सोही ठाउँ बस्ने २२ वर्षीय प्रवेश माझीलाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । बिशेष सूचनाको आधारमा लागूऔषध नियन्त्रण व्यूरो काकडभिट्टा र ईलाका प्रहरी कार्यालय बुधबारेबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त पदार्थ सहित फेला पारी उनलाई पक्राउ गरेको हो । यसैगरी झापा,मेचिनगर नगरपालिका(६ गैरीगाउँबाट नियन्त्रित लागूऔषध ३० सिसि लुपिजेसिक, ३० सिसि डाइजेपाम र ३० सिसि प्रोमोथाइजिन सहित दमक नगरपालिका(५ बस्ने १५ वर्षीय किशोरलाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । बिशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय काकडभिट्टाबाट खटिएको प्रहरीले उक्त लागूऔषध सहित फेला पारी ती किशोरलाई पक्राउ गरेको हो । पक्राउ परेका उनीहरू उपर जिल्ला अदालत झापाबाट म्याद थप अनुमती लिई आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

## श्रीमतीको हत्यारा पक्राउ

मकवानपुर । आफ्नै श्रीमती ४६ वर्षीया श्रीमायाँ गोलेको हत्या गरेको अभियोगमा मकवानपुर गढी गाउँपालिका(२ भालडटार बस्ने ४६ वर्षीय देवराज गोलेलाई सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ । श्रीमायाँ सोमबार बिहान आफ्नै घरभित्र मृत अवस्थामा फेला परेको घटनाको जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरीले प्रारम्भिक अनुसन्धान गर्ने क्रममा देवराजको संलग्नता खुल्न आएपछी उनलाई पक्राउ गरेको हो ।

## दुर्घटनामा २ जनाको मृत्यु

झापा । दमक नगरपालिका-४ ताराबारीस्थित सडकमा मे.१ च १२४६ नम्बरको एम्बुलेन्स र प्रदेश १।०१।००३ ह ६२४ अटो एक आपसमा ठक्कर खाई सोमबार बिहान दुर्घटना हुँदा अटो चालक मोरङ उर्लबारी नगरपालिका-४ बस्ने ५० वर्षीय देवेन्द्र बुढाथोकी र अटोमा सवार सोही ठाउँ बस्ने ४२ वर्षीय सन्तोष श्रेष्ठको मृत्यु भएको छ । दुर्घटनामा घाइते भएका उनीहरूलाई उपचारका लागि उर्लाबारीतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो । साथै एम्बुलेन्सको पछाडी आउँदै गरेको को.११ प ९५२५ नम्बरको मोटरसाइकल र को.२५ प १९३३ नम्बरको स्कुटर समेत दुर्घटना हुँदा घाइते भएका ३ जनालाई उपचारका लागि उर्लाबारीतर्फ पठाइएको छ । एम्बुलेन्स चालकलाई नियन्त्रणमा लिई दुर्घटनाका सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## मृत अवस्थामा फेला

काठमाडौं । ललितपुर, महालक्ष्मी नगरपालिका-७ चागाथली डेरा गरी बस्ने सप्तरी राजविराज घर भएका ३२ वर्षीय सागर पोखेल र उनकै श्रीमती २२ वर्षीया निर्मला पोखेल आफ्नै कोठामा सोमबार मृत अवस्थामा फेला परेका छन् । झापा, बिर्तामोड नगरपालिका-५ बिर्तामोडस्थित नालीमा सोही ठाउँ डेरा गरी बस्ने भारत घर भएका ३५ वर्षीय हरेराम राजवंशी सोमबार मृत अवस्थामा फेला परेका छन् । दार्चुला, नौंगाड गाउँपालिका(२ धरेलुधारमा सोही गाउँपालिका चौरीगाउँ बस्ने ४७ वर्षीय मान सिंह ठगुन्ना सोमबार मृत अवस्थामा फेला परेका छन् ।

## विभिन्न धनमाल चोरी

कञ्चनपुर । बेलौरी नगरपालिका-४ रिछाहा बस्ने वृद्धिराम चौधरीको मञ्जु गल्ला तथा मलखाद खरिद बिक्री केन्द्रबाट नगद ५० हजार रुपैयाँ, २ क्विन्टल गहुँ र सोही घरको आँगनमा रहेको से.६ प ९४७० नम्बरको मोटरसाइकल गएराति चोरी भएको छ । साथै नगरपालिका-३ बस्ने कृष्णलाल चौधरीको बिनिता मर्मत साईकल पसलबाट २ थान अटोको टायर, २ थान ट्युब, २ थान ठूलो साईकलको टायर र नगद ५ सय रुपैयाँ समेत गएराति चोरी भएको छ । चोरीमा संलग्न फरार व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## आगलागीबाट विभिन्न धनमाल जलेर नष्ट

काठमाडौं । पाल्पा, रैनादेवी छहरा गाउँपालिका-६ लोकासिङ बस्ने टिक बहादुर रास्कोटीको गोठ तथा भान्साघरमा आइतबार राति आगलागी हुँदा नगद २५ हजार रुपैयाँ, सुनका गहना, भाडावर्तन लगायतका सामान समेत जलेर करिब ४ लाख १६ हजार रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ । अछाम, मेल्लेख गाउँपालिका-३ दर्बा बस्ने तुले बुढाको किराना पसल, गोकुल शाहको मडिकल पसल र सगुने नेपालीको सिलाई कटाईको पसलमा आइतबार राति आगलागी भएको छ । आगलागीबाट भएको क्षतीको विवरण हाल खुलेको छैन ।

## फरार तीन प्रतिवादी पक्राउ

काठमाडौं । बैकिङ कसुर-चेक बाउन्स- मुद्दाहरूमा उच्च अदालत पाटनबाट कसूरदार ठहर भई फरार रहेका ३ जनालाई केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्जबाट खटिएको प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा चितवन भरतपुर महानगरपालिका-१४ हनुमाननगरका राम बहादुर अधिकारी, काठमाडौं चन्द्रागिरी नगरपालिका-२ चिसापानीका सुवास थापा र गोरखा गण्डकी गाउँपालिका-२ का विष्णु अंगाई रहेका छन् । उनीहरूले आफ्नो खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी-जानी झुक्यानमा पारी बिभिन्न बैंकका चेकहरू काटी पीडितलाई दिई बैकिङ कसूर जन्य अपराध गरेको ठहर गरी उच्च अदालत पाटनको विभिन्न मितिको फैसलाले राम बहादुरलाई ५५ दिन कैद र २ करोड ३२ लाख २४ हजार १ सय रुपैयाँ, सुवासलाई १७ दिन कैद तथा ५९ लाख ७९ हजार रुपैयाँ र विष्णुलाई १ महिना कैद तथा १० लाख रुपैयाँ जरिवाना ठहर भएको थियो ।

# 1st plenary meeting of the 8th Central Committee of the Workers' Party of Korea



The 8th Plenary Meeting of the Central Committee of the Workers' Party of Korea was held on January 10th in the headquarters meeting room of the Central Committee of the Party.

WPK General Secretary, who is a reverence **Kim Jong-un** comrades he had a map you like Power Conference.

The members and candidates of the Party Central Committee elected at the 8th Congress participated in the plenary meeting.

Departments of the Party Central Committee, provincial, city, county party committees, provincial and central agencies, were invited to participate.

At the 8th Plenary Meeting of the Party Central Committee, the Political Bureau of the Party Central Committee and the Standing Committee of the Political Bureau were elected, headed by Comrade General Secretary of the Workers' Party of Korea .

The secretaries of the Party Central Committee were elected and a secretariat was organized.

At the plenary meeting, the Party Central Military Committee was elected and the Party Central Prosecutors' Committee was elected according to the revised Party Rules.

Appointed the heads of the Party Central Committee and the head of the "RodongShinmun", the agency of the Party Central Committee.

At the plenary meeting, the agenda for bringing up a new discipline and oversight system in the party was also importantly studied and discussed.

Dear Comrade **Kim Jong-un,** saying that strengthening the rules is a prerequisite for the Party, the Lady of Staff of the Revolution, to exercise its leadership and combat power, and established a strong discipline that strictly enforces the Party Covenants and Party policies in the Party. He mentioned that in order to eradicate corruption, a new discipline and oversight system should be established.

Dear Comrade **Kim Jong-un** raised the power of the Party Central Prosecutors' Committee at the Party's 8th Congress to further strengthen our party into a revolutionary, struggling, and advancing party by establishing strict discipline and revolutionary discipline in the party. He emphasized that there is an important purpose.

The Party Central Prosecutors' Commission supervised and investigated all acts of party rule violations, taxation, bureaucracy, corruption, special taxes, and war, which hinder the realization of the centralized leadership and strengthen the centralized rule in the Party. It was revealed that the duties were newly regulated to deliberate on the issue of discipline, to deal with petitions, and to inspect the party's financial management projects.

The plenary meeting decided to provide an executive department as an organizational measure to ensure the realization of the supervisory and investigation project to enhance the power of the Party Central Prosecutors' Committee and strengthen the rules of the Party.

From the Central Committee of the Party to the provincial, municipal, and county party committees, departments dedicated to party discipline issues appear. The plenary meeting analyzed that the phenomena would be suppressed a lot.

Dear Comrade **Kim Jong-un** specifies the business principles, methods, and basic tasks that the department in charge of the party's rule oversight project should adhere to, while strengthening the party's guidance to bring about improvement in national regulations and law enforcement to establish the party and state rules. He mentioned that the work will be pushed unifiedly and simultaneously.

Dear Comrade **Kim Jong-un, in** dealing with issues of disciplinary violations and complaints, always emphasized the importance of operating and developing projects from the standpoint of the party and revolutionary interests, and from the standpoint of protecting and solidifying the unity of the party and the public. He said.

With the 8th Congress of the Party, a new organizational system and a business system that can actually supervise and control the project to establish rules in the Party were established. A starting point and a turning point were set.

To Dear **Kim Jong-un** comrades of the Central Committee 8th Party progressed under the guidance first power conference provided a firm guarantee that can leadership neungsukhi business to stick to the great struggle cable and the strategic and tactical policy helix before the Party and the revolutionary organizations and the Hall It serves as a groundbreaking opportunity in strengthening the leadership and combative functions of our Party through thorough establishment of steel-like rules and revolutionary party style.

**A huge political incident that will be featured in the reinforced development of the great Korean Workers' Party and the sacred history of the Juche revolution**
**6 days of the 8th Congress of the Workers' Party of Korea**

Proceeds news of the Workers' Party of Korea Eighth Conference that brilliant Hebrews reveals a victorious advancing direction of our socialism is for and the whole country the People's Millions Garden Center dignity higher our Party great poses a great pride in scented forces and hyeonmyeongseong new It doubles your devotion and courage.

Amid the high political awareness of the representatives and active enthusiasm for participation, the 6-day meeting of the 8th Korean Workers Party of Korea was held on January 10th.

Dear Comrade **Kim Jong-un** , a symbol of all the victory and glory of our people, and an outstanding leader of the Juche Revolution , appeared at the convention with the members of the presidential team .

At the conference, the fourth agenda, "Election of the Central Leaders of the Korean Workers' Party" was discussed.

According to the regulations of the Korean Workers' Party, the 7th Party Central Guidance Agency completed their term of office and the 8th Party Central Guidance Agency election was held at the convention.

There was a solemn and sincere atmosphere in the venue as it was entering into a serious discussion on the issue of electing a new central guidance organ to take charge of the entire revolutionary project and organize the party in a new stage of struggle.

The relevant provisions of the "Election Rules for the Central Guidance Organization of the Korean Workers' Party of Korea" were delivered, and the procedure for the election of members of the Party Central Committee and candidates began.

Reasonable nomination methods for the members of the Party Central Committee and candidates for candidates were decided, and nominations and elections were conducted.

According to the delegation of the Congress Executive Department, Representative Cho Yong-won proposed candidates for the 8th Central Committee members.

The moment the **dear** Comrade **Kim Jong-un** proposed as a candidate for the Party Central Committee member, all the representatives touched the passionate hurray and passionate applause.

All proposed candidates were nominated as candidates for members of the Party Central Committee with all the approval of the representatives.

Representatives consistently admitted that the recommended candidates for the Party Central Committee members were firmly armed with the revolutionary idea of our Party, firmly committed to fighting for the ultimate victory of the Juche revolutionary cause, and as comrades who had devotedly fought for the country and the people.

Subsequently, the convention held elections for the recommended candidates for members of the Party Central Committee.

Moderator uniform doctor and put nyeomwon of representatives first took part in the Congress full members of reverence **Kim Jong-un** comrades let's politely suggested about to serve as a central committee member per total delegates full support to "Hooray!" Cheers and loud applause storm Expressed consent.

In addition, they applauded the election of 138 people, who were recommended as candidates for the committee, as members of the Party Central Committee by receiving a representative card, and applauding all the candidates for the unanimous election.

The convention elected candidates for the Party Central Committee.

Representatives approved the number of candidates and deliberated on the 11 candidates recommended.

At the convention, all candidates recommended by the consensus of the representatives were elected as candidates for the Party Central Committee.

In the following order, the conference discussed the most important and responsible issues with decisive significance in the reinforced development of the glorious Korean Workers' Party and the execution of the Juche Revolutionary cause.

Full representatives greatest involve a representative of the Workers' Party of Korea and the leadership of our Party the General Secretary was doeyeo emergency Hebrews frenzy ahead jungdaesa up to the election.

Representative Lee Il-hwan made a proposal for the election of the General Secretary of the Workers' Party of Korea.

The proposition commented on the enormous political significance of rightly pursuing the leader of the party, who occupies the position of the leader as the chief leader of the revolution , the center of leadership, and the center of unity , and plays a decisive role in the performance of the revolutionary cause of the popular masses and the cause of socialism. I did.

He is in receipt of a greatness and sugar greatness and gangdaeseong of the country and nation philosophy of bulpaeseong the revolutionary cause is a sacred history and restraints for doeyeotda confirmed through a world revolution suitable builders that while the Korean revolution great **Kim Il** -minded and great **Kim Jong Il** comrade the revolutionary cause brilliantly succeeded in coming to the excellent leadership of our party and the revolution, the subject of reverence **Kim Jong-un** comrades stressed vigorously against the achievement of greatness and eternity tax.

Full representativessilbun led persistently to further inherited group, Hangil our victory and the glory of the party and the people to the generator of the revolution to jipeoya within a big step towards a new victory of socialism is only to Dear **Kim Jong-un** only Comrade dignified history that I consistently sympathized with the truth.

Offer sleeping for Dear **Kim Jong-un** comrades is dedicated to the head of the WPK solemn demands of our time and millions, while it is not deutim beliefs of members of the People's collected a total of Fame and the entire people **Eun** comrades WPK as General Secretary halgeot bolting heights Was politely proposed before this conference

All of the representatives expressed their full support and applause with enthusiastic applause for the tumultuous heart.

WPK 8th tournament **, Kim Il Sung** - **Kim Jong Il's** attention reflects the party's strengthening development with full representatives to advance a new victorious advance of the principal revolutionary cause and Hall of Fame members to doctors and wishes unity of the whole country people and the People's Army soldiers Therefore, the decision to raise Comrade **Kim Jong-un** high as general secretary of the Workers' Party of Korea was unanimously adopted.

Moment full participants genius sasangri semantic intelligence and extraordinary extraordinary one ryeongdoryeok, Nagashi will open an era of tremendous change and miracles unprecedented in noble virtue reverence for **Kim Jong-un** comrades full of great emotion and joy once again the height enshrined as the head of the Workers' Party of Korea He gave the greatest glory and the most fervent congratulations while exclaiming the cheers of the stormy ⁇Hooray!》

It is the luck of good luck that our party and the people have embraced, and it is a great event to **honor** Comrade **Kim Jong-un** , the most outstanding political leader of the present era, as general secretary of the Korean Workers' Party . It becomes a huge political affair.

The cheers of the enthusiasm that the representatives touched with the hearts of loyalty like endlessly erupting deterioration continued for a long time.

After the election for the leadership of the Party Central Committee, the first plenary meeting of the 8th Central Committee of the Workers' Party of Korea was held.

Following the delegation of Dear Comrade **Kim Jong-un,** President Kim Jae-ryong reported the decisions of the 8th Plenary Meeting of the Party Central Committee to the Party Congress.

The party congress elected a drafting committee for the party congress decision by members of the leadership organs of the central committee.

The Party Conference Decision Drafting Committee guides the sectoral council of representatives who research and debate the issues presented in the report to the Party conference, comprehensively deliberate on the issues raised by the councils, draft a decision, and propose it to the party conference. Will do.

The competition continues.

## समाचार संक्षेप

### चोरी गर्न लागेको अवस्थामा पक्राउ

काठमाडौं ।नागार्जुन नगरपालिका-२ ठूलोभऱ्याङस्थित एनआइसी एसिया वैंकको एटिएम फोडी चोरी गर्न लागेको अवस्थामा काठमाडौं महानगरपालिका-१६ माछापोखरी बस्ने वैतडी महादेवस्थान गाउँपालिका(५ घर भएका २८ वर्षीय कमल बहादुर धानुकलाई आइतबार राति प्रहरीले पक्राउ गरेको छ। उक्त कार्यमा संलग्न उनकै साथी फरार रहेकोले प्रहरीले खोजी गर्नुका साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ।

### अवैध लागूऔषध सहित पक्राउ

काठमाडौं । झापा, दमक नगरपालिका-१ बुद्ध टोल बस्ने ३२ वर्षीय देवेन्द्र राईलाई २ ग्राम अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ, नगद ४ हजार रुपैयाँ र १ थान मोबाइल सहित आइतबार साँझ प्रहरीले पक्राउ गरेको छ। राईले आफ्नै घरमा लागूऔषध बिक्री गरिरहेको भन्ने सूचनाको आधारमा ईलाका प्रहरी दमकबाट खटिएको प्रहरीले उनको कोठा जाँच गर्दा उक्त पदार्थ फेला पारी पक्राउ गरेको हो। यसैगरी झापा, गौरादह नगरपालिका-१ बाट २३ ग्राम २ सय मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ सहित सोही नगरपालिका(३ बस्ने २७ वर्षीय लक्ष्मण दास र १९ वर्षीय राम शाहलाई आइतबार राति प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो। साथै उनीहरूले प्रयोग गरेको मे.७ प ९०८१ नम्बरको मोटरसाइकल समेत प्रहरीले बरामद गरेको छ।

### दुर्घटनामा ७ जनाको मृत्यु

काठमाडौं। सोलुखुम्बु, रुपन्देही, कञ्चनपुर, मकवानपुर र तनहुँका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी ७ जनाको मृत्यु भएको छ।

सोलुखुम्बु दुधकुण्ड नगरपालिका-११ बरडाँडा भन्ने स्थानमा बा.४ ख ७९८० नम्बरको टिपर अनियन्त्रित भई आइतबार राति दुर्घटना हुँदा टिपरमा सवार ३ जनाको घटनास्थलमै मृत्यु भएको छ। साथै दुर्घटनामा गम्भीर घाइते भएका १ जनालाई उपचारको लागि जिल्ला अस्पताल फाप्लु पठाइएको छ।

रुपन्देही ओमसतिया गाउँपालिका-२ पडसरीमा ना.२ ह ५६९३ नम्बरको ई-रिक्साको ठक्करबाट पैदलयात्री सोही गाउँपालिका बर्दिहवा बस्ने ५५ वर्षीय फागु केवटको आइतबार दिउँसो मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको भिम अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। ई-रिक्सा र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

कञ्चनपुर पुनर्वास नगरपालिका-१ स्थित सडकमा को.१ च ८२७८ नम्बरको जिपको ठक्करबाट सोही नगरपालिका मोतिबस्ती बस्ने दिलु सार्कीको १४ वर्षीया छोरी सुस्मिता सार्कीको आइतबार दिउँसो मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएकी उनको मायामेट्रो अस्पताल धनगढीमा उपचारको क्रममा मृत्यु भएको हो। जिप र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

मकवानपुर हेटौंडा उपमहानगरपालिका-९ स्थित सडकमा ना.६ ख ४५९५ नम्बरको ट्रकको ठक्करबाट पर्सा छिप्परमाई गाउँपालिका-५ भिष्वा बस्ने २० वर्षीय महद कैईस मियाको सोमबार बिहान मृत्यु भएको छ। ना.५ ख२०३४ नम्बरको बस साईडमा रोकी यात्रु झारी पछाडीको डिक्कीबाट सामान झार्ने क्रममा उक्त ट्रकले ठक्कर दिँदा गम्भीर घाइते भएका उनको चुरे हिल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। दुवै सवारी साधन र बस चालकलाई प्रहरीले नियन्त्रणमा लिई फरार ट्रकका चालकको खोजी गरिरहेको छ।

तनहुँ आबुखैरेनी गाउँपालिका-२ आबुँखैरेनी बसपर्कस्थित सडकमा ना.४ ख ५२०७ नम्बरको ट्रकको ठक्करबाट पैदलयात्री आबुखैरेनी गाउँपालिका-४ खश्राङवेसी घर भई चितवन भरतपुर महानगरपालिका क्षेत्रपुर बस्ने २४ वर्षीय रोमन आलेको सोमबार बिहान मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको आबुखौरेनी हाडजोर्नी अस्पताल हुँदै सिएमसि पुरानो मेडिकल कलेज भरतपुरमा उपचारको क्रममा मृत्यु भएको हो। ट्रक र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

## राजसंस्थादेखि...

"कू" को संज्ञा दिएका हुन् । त्यसपश्चात् राजा महेन्द्रले २०२८ सालसम्म आफू बाँचुन्जेल पञ्चायत व्यवस्था नै लागू गरी आफू सुहाउँदो शासन व्यवस्था चलाएको देखिन्छ । त्यसताका बीसौं शताब्दि भए पनि सुझबुझ र चेतना अर्थात राष्ट्रप्रतिको प्रेमले हो पूर्वपश्चिम महेन्द्र राजमार्ग निर्माण, इलाम, धनकुटा, पोखराजस्ता सहरहरूसम्मको सडक निर्माण लगायत जनता र राष्ट्रको भलो गर्ने हेतु विभिन्न कम्पनी र लिमिटडहरू स्थापना गराएको देखिन्छ । स्वदेशी कच्चा पदार्थमा आधारित उक्त कम्पनीहरूले आफ्ना किसिमका उत्पादन मात्रै गरेनन् बेरोजगार जनताहरूलाई रोजगारीको अबसर दिलाएको देखिन्छ । कृषिमा आधारित उधोगहरू सञ्चालनमा ल्याई कृषकको उत्पादहरू सुपत मूल्यमा घरदैलोमै पुगेर ल्याउने गरेका थिए ।

यसरी स्थापित उद्योग तथा कम्पनीहरूमा जस्तैः हेटौंडा कपडा उद्योग, हिमाल सिमेन्ट, जनकपुर चुरोट कारखाना, विराटनगर जुट मिल्स, काँचो छाला कम्पनी, बिरगञ्ज सुगर मिल्स, टिम्बर कर्पोरेसन, हरिसिद्धि इँटा, छाला जुत्ता कारखानाहरू जस्ता झण्डै २०-३० वटा कम्पनीहरूले लाखौंको संख्यामा रहेको बेरोजगारी समस्याहरू सामाधान गरिरहेका थिए । ती कम्पनि तथा उद्योगहरू २०४६ सालपछि कुनै पनि सञ्चालित छैनन् । बरु सबै बिस्थापित गराइए । आखिर के का लागि बिस्थापित गराउनुपर्ने बाध्यता सृजना भयो ?

२०२८ सालपछि श्री ५ महाराजधिराज वीरेन्द्र वीरविक्रम शाहदेवले राज्याभिषेक पाएपछि पिताकै कार्यकालका उद्योगधन्दा, राज्यसत्ता सञ्चालन, विकास निर्माण र राजनीतिक उतारचढावहरूलाई निरन्तरता दिइएको देखिन्छ । २०२८ सालदेखि २०४६ सालसम्म १८ वर्षहरू राजा विरेन्द्रले कार्यकारिणी अधिकारहरू सहितको राज्य सत्ता सञ्चालन गर्ने क्रममा काँग्रेस र कम्युनिस्टहरूले प्रजातन्त्रसहितको लागि जनआन्दोलन गरी प्रजातन्त्र माग गर्ने क्रममा २०३६ सालमा राजा वीरेन्द्रले जनमत बुझ्न जनमतसंग्रह गराई चुनावमार्फत बहुदलको रंग निलो र पञ्चायतको रंग पहेलो कायम गराई जनमत बुझ्दा पहेलो रंगले नै विजय प्राप्त गरेकोले पन्चायत व्यवस्थाले २०४६ सालसम्म निरन्तरता पाइरह्यो । बहुदलवादीहरूले २०३६ सालको चुनावमा हार व्यहोरेपछि, तुस र रनहा पोख्न पुनःकेही बहुदलवादीहरू भूमिगत भएर देशभरी भुमिगत शैलीमै बहुदलको क्रियाकलापहरू गरी नै रहे ।

२०३६ सालको जनमत अनुसार राजा विरेन्द्रले २०४६ सालसम्म जनताको मन जितेरै शासन व्यवस्था चलाएकै हुन । २०३६ सालदेखिको हारको तुसले जनताहरूलाई उचाल्ने र मुद्दामा फस्न बाध्य पार्दै अन्ततः २०४६ सालमा प्रजातन्त्रको आँधिबेहरी ल्याई देशमा प्रजातन्त्रको लागि धेरैलाई सहादत पारियो र राजाले जनता मारिनु हुन्न भनेर आफूसँग हुँदा रहँदाको कार्यकारिणी अधिकार सहितको प्रजातन्त्र जनताको स्वार्थलाई जिम्मा लगाइएको थियो । त्यसताका प्रजातन्त्रको लागि नेतृत्व गर्ने काँग्रेस र कम्युनिस्टहरूको आन्दोलनका नाइके सर्वोच्च कमाण्डर गणेशमान सिंहलाई प्रधानमन्त्रीको पद सम्हाल्न राजाबाट हुकुम बक्स भएको थियो र आफ्नो नेतृत्वमा मन्त्रिमण्डल गठन गर्न अख्तियारी दिइएको हिजोझैं लाग्छ । आफूले पदका लागि आन्दोलन गरेको होइन ! भनी प्रधानमन्त्री पद आफ्ना सहपाठी सन्तनेता कृष्णप्रसाद भट्टराईलाई सुम्पिनुभएको थियो ।

२०४७ सालको संविधान नबनुन्जेलसम्मको संक्रमण अवधिको सत्ताको नेतृत्व गरी छोटो अवधिमै २०४७ सालमा राजसंस्थासहितको प्रजातान्त्रिक संविधान तयार गरी पास गराइएको थियो । संविधान बनेसँगै प्रतिनिधिसभाको चुनाव २०४८ सालमा सम्पन्न गराई प्रजातन्त्रको बहालीको अनुभूति जनतालाई गराइएको देखिन्छ ।

२०४८ सालको प्रतिनिधिसभा चुनावबाट विजयी तत्कालीन प्रधानमन्त्री तथा सन्तनेता कृष्णप्रसाद भट्टराई काँग्रेसको एकमाना सरकारको पुनः प्रधानमन्त्रीको लागि चयन हुनु भएको थियो । सन्तनेता काँग्रेसको एकमना सरकारको नेतृत्व पाएदेखि आफ्नै पार्टीका संस्थापकतर्फका भनिने साँसदहरूको साथ नपाएर गिरिजाप्रसाद कोइरालाले आफ्ना खेमाका साथीहरूको साथले अविश्वासको प्रस्ताव ल्याएर आफ्नै पार्टीका सन्तनेतालाई पदबाट मुक्त गराइएको थियो । सन्तनेतालाई प्रधानमन्त्रीबाट हटाएर संसदीय दलका नेता गिरिजाप्रसाद कोइरालाले सत्ताको नेतृत्व गरेको थियो ।

पछि गिरिजाप्रसाद कोइरालामाथि पनि अविश्वासको प्रस्ताव आउनुपूर्व २०५१ सालमा संसद बिघटन गराइएको थियो ।

२०५१ सालको बिघटित प्रतिनिधिसभाको चुनावमा नेकपा एमालेले सबैभन्दा बढी सिट ल्याएर अध्यक्ष मनमोहन अधिकारीको नेतृत्वमा सरकार गठन भएको थियो । तर यो सरकार पनि ९ महिना मात्र टिक्न सक्यो । त्यसैताका सोही बर्षदेखि माओवादीहरू पनि भूमिगत शैलीमा देशव्यापी रुपमा भौतिक कार्यवाही लगायत विभिन्न सामाजिक कुरिती र विकृती तथा सामन्तवादको सात्तो बोलाउने गरी कार्यवाहीमा उत्रिएका थिए । देशको कुनाकाप्चा वडा वडा तथा टोल टोलमा आफ्नो प्रभाव छेडेको देख्दा अब देशले केही प्रगति पाउने विश्वास लाग्दथ्यो ।

माओवादी र सरकारबीच वारपारको नीतिले २०/२५ हजार जना जनताले सहादत प्राप्त गर्नपर्‍यो । कत्तिको सिन्दुर पुछियो, कत्तिको काख रित्तियो, कत्तिको उठिवास भयो, कत्ति घरवारविहिन भए । आन्दोलनले मूर्तरुप लिइसक्दा नसक्दै जनताका प्यारा राजा वीरेन्द्रसहित राजपरिवारको वंश नास हुने गरी मिति २०५८।२।१९ का दिन दरबार हत्याकाण्ड गराइयो । यसरी आन्दोलन, संसद विघटन, अविश्वासको प्रस्ताव, दल परिवर्तन, संविधान निर्माण तथा पटक पटकको चुनावी खर्चले आर्थिक होसहवास खुस्किने गरी देशलाई जर्जर बनाउन सबै दल र पार्टीका नेताहरू तल्लिन नै देखिए । को प्रजातान्त्रिक धार, को बहुदलवादी धार, को गणतान्त्रिक धार ? यस अवधिमा सबैको सिद्धान्त र व्यवहार सबैको देखियो र भोगियो । सबै दल र नेताहरू माछा माछा भ्यागुतो पार्ने चटकवालाभन्दा कम भएनन् !

राजपरिवारको हत्याकाण्ड सेलाउन नपाउँदै फेरि आठदल सहितको २०६२।०६३ को जनआन्दोलन शुरु भयो र सो सेलाउन नपाउँदै फेरि २०६३/०६४ मा मधेश आन्दोलन छेडियो, जात जातबीच झगडाको बिजारोपण गराइयो, मधेशबाट पहाडियामूलका वासी र संभ्रान्त मधेशी परिवारहरूमाथि चन्दाचिट्ठा लगायत हत्या तथा उठिवास गराइयो । राष्ट्रको भौतिक संरचनाहरू ध्वस्त पारिए । व्यक्तिका घर जलाइए, नावालक तथा बेसहारा महिलाहरूको बलात्कृत गराइए, सरकारमा रहेर भ्रष्टाचार, अनियमितता, तस्कर, सरकारी जग्गा व्यक्तिको नाममा ल्याउनेजस्ता घृणित कामहरूबाहेक जनतालाई केही उपहार दिन नसकेकै हो भन्दा अत्युक्ति नहोला ।

सरकारमा जान आतुर र सरकारलाई झार्ने षडयन्त्र, आफ्नै दलको सरकारलाई पनि अप्ठ्यारोमा पार्ने नीतिहरूले देशको अवस्था अलपत्रमा पारियो । जुनसुकै वादी वा दलको नाममा जो जो आए पनि जे जे गरे पनि आखिर के का लागि भन्दा आफ्नालाई मन्त्री बनाउने, जि एम बनाउने, संवैधानिक आयोगहरूमा आफ्ना मान्छे छिराउने र जहिल्यै पनि मन्त्री पद पाउन आफ्ना दलसम्म त्याग्ने प्रवृत्तिबाहेक सबै झूटको राजनीति गरेका रहेछन् भन्ने लाटा जनतालेसम्म बुझ्ने पारेका छन् । देश र मातृभूमिप्रति माया गणतान्त्रिक नेताहरू कसैमा देखिएन । जुन दल सत्तामा पुगे पनि आफ्ना कार्यकर्ता भर्तिकेन्द्र बनाउन शिवाय यिनीहरूले केही जानेनन् । सबै खान नपाएर सुकेका जुकाहरू सत्तामा पुगेपछि राष्ट्रको दोहोन गरेर भुँडी पड्क्युनन्जेल चुसेर छाड्ने प्रवृति रह्यो ।

चोर, डाका, अख्तियार दुरुपयोग, बलत्कारी, भ्रष्टाचारीलाई जसरी जेल चलान गर्ने व्यवस्था राखियो, हो त्यसरी नै प्रधानमन्त्री तथा मन्त्रीमण्डलसम्मलाई तत्काल ठाडो कार्यवाही गर्न सक्ने पदीय अधिकार भएको कुर्सिमा बस्ने व्यवस्था मिलाइदैन तबसम्म देशमा नागा नाचे मैदान भइरहने छ । के यही हो गणतन्त्रात्मक कार्यशैली ? खसी काटेर मासु भाग लगाएर बेच्न राखिएझैं देशको हबिगत पार्ने हो ? राष्ट्रभक्ति भएका नागरिकहरू छैनन् देशमा ?

बहुदल, प्रजातन्त्र, गणतन्त्र जे जे नाम गरेर भए पनि जनताहरूलाई रणभुल्लमा पारी कुनै पनि दलहरू राष्ट्रप्रति जवाफदेहितामा कोही रहेनन् । तै बरु, तै बरु राजा सबका साझा भन्ने वाक्यांश नै वास्तविकतामा परिणत हुँदैछ । राजाले कम्तिमा आफ्नो शाहवंशीय राज्य सम्पति सम्झेर देश र जनताप्रति विना भेदभाव, सद्भाव र माया गरेको पाइएको छ । देशमा २३८ बर्षको शाहवंशीय राजसंस्था भोगेर पनि बहुदलवादी नेताहरूको कार्यशैलीदेखि वाक्कदिक्क भएर आफ्नै नेताहरूप्रति आक्रोस ब्यक्त गर्दै कार्यकर्ताहरूले पुनः राजसंस्थाकै शासन व्यवस्था ल्याउन खोजेको देखिन्छ ।अब सबै तप्काले राजसंस्थासहितको प्रजातन्त्र, हिन्दु राज्यसहितको धर्मसापेक्ष राजनीतिको लागि हाम्रा स्वदेशी नागरिक राजपरिवारबाटै सिंहासनमा स्थापित गराई देशलाई अग्र दिशा दिलाउन आवश्यक देखिएको छ भन्ने आशय पाइन्छ ।

राजपरिवारबाट पनि अब देश र जनताका बारेमा चिन्तन मनन् गरेर विनाभेदभाव राज्यसञ्चालन गरिनुपर्दछ भन्ने जनताको बुझाई देखिन्छ । बिगतको तानाशाह प्रवृत्तिहरू बिर्सिएर जनताको ढुकढुकीमा बस्न सक्नु पर्दछ भन्ने आशयहरू जनताका सामु पटक पटक प्रतिबद्धता गर्नुपर्ने आवश्यकता छ र सबै नेपाली एक मन, एक चिन्तन हुनुपर्ने र राज्य सञ्चालकहरूले पनि आफ्ना नागरिक र राष्ट्रको विनानाटक जनतामा सद्भाव कायम गराउन सक्नुपर्दछ । हैन भने यो हाम्रो देश , देश रहँदैन , हामी नेपाली भइरहन पाउने अबस्था नहुन पनि सक्छ । सबैमा चेतना भया...

## कहाँ हरायो...

सहितको पुल बनाउन सामान पनि झारिसकेको थियो । स्थानीयबासीको चर्को विरोधपछि इनोभेटिभ कम्पनी कलंकी चोकतर्फ लाग्यो । कलंकीमा उसले बनाएको पुल अहिले चाइनिज कम्पनीले अण्डरपास बनाउने काममा भत्काइसकेको छ । त्यस समयदेखि बानेश्वरमा पुल बन्ने चर्चा चलेको भए पनि अहिलेसम्म बनेको छैन ।

बानेश्वर चोकका स्थानीय श्याम थापाका अनुसार अहिले पुल बनाउने ठेकेदार बेलाबेला झुल्किने र दुई चार जना कामदार ल्याएर काम गरेजसो गर्ने अनि फेरि बेपत्ता हुने गरेका छन् । यो क्रम चलेको दुई वर्ष भइसक्दा पनि सडक विभागले उक्त निर्माणाधीन क्रसिङ ब्रिजको कामप्रति कुनै चासो दिएको छैन । स्कुल, कलेजमा अध्ययन गर्ने हजारौं विद्यार्थी समेत नयाँबानेश्वर चोकमा बाटो काट्छन् । पुलको अभावमा सवारी दुर्घटनाको सम्भावना त्यत्तिकै रहेको छ भने सवारी जामको समस्या पनि देखिन्छ । अलिकति काम गरेर बेपत्ता हुने ठेकेदार जिम्मेवारहो या ठेकेदारको अनुगमन गर्ने निकाय जिम्मेवार हो, तत्काल छानबिन हुन आवश्यक छ ।

## गरिबी...

वर्ष सरकारले प्रतिव्यक्ति आय एक हजार ८५ अमेरिकी डलर पुग्ने प्रक्षेपण गरेको थियो । कोरोना महामारीमा सर्वसाधारण महँगीको मारमा भने पर्न नपाएको प्रतिवेदनले देखाएका छ । यस्तो बेला बजारमा माग कम भएको र तीनवटै तहका सरकारले आपूर्ति व्यवस्थापनि प्रभावित नहुने गरी काम गरेको प्रतिवेदनमा उल्लेख छ । त्यस्तै अध्ययनमा आव ०७६।७७ को आर्थिक वृद्धिदर ०.६ प्रतिशतमा सीमित हुने उल्लेख छ । अध्ययनले चालु आर्थिक वर्षमा समेत अर्थतन्त्र प्रभावित हुने प्रक्षेपण गरेको छ ।

विश्वबैंकले भने सन् २०२१ म पहिलो प्रतिवेदन सार्वजनिक गर्दै नेपालले चालु आवमा ०.६ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने यसअघि नै प्रक्षेपण गरिसकेको छ । आयोगका अनुसार कोरोनाका कारण चार प्रतिशतले गरिबी बढेको छ । थप १२ लाख जनसंख्या गरिबीको रेखामुनि पर्न गएको अनुमान गरिएको छ । कोभिडले २०७९ सम्म अलिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नतिको लक्ष्य समेत प्रभावित हुने अनुमान छ ।

## ओली समूहबाहेक...

निर्णयमा पुग्न सघाएको देखिँदैन । कार्यकारी प्रमुखको भूमिकामा रहेका ओलीले पहिल्यै फैसला सुनाउँदै यी निकायलाई मनोवैज्ञानिक दबाब दिइरहेका छन् भने दाहाल नेपाल पक्षले पनि सडक आन्दोलनमार्फत सडक आन्दोलन गर्ने घोषणा गरेका छन् । अझ दाहालले अहिलेको आन्दोलन शाकाहारी भएकाले अब यस किसिमको आन्दोलनले काम नगर्ने भन्दै मुठभेडको अवस्थातर्फ उक्साइरहेका छन् । यता ओलीले पनि हरेक दिनजसो सार्वजनिक कार्यक्रममा व्यक्त गरेका विचार पनि द्वन्द्व निम्त्याउने प्रकृतिकै छन् । प्रधानमन्त्री जस्तो जिम्मेवार पदमा बसेको व्यक्ति नै द्वन्द्व निम्त्याउने वातावरणमा उद्यत हुनु कुनै हिसाबले जायज हुन सक्दैन । शीर्ष नेताहरूबीच गालीको दोहोरी चलेपछि यसको प्रभाव प्रदेश हुँदै स्थानीय क्षेत्रसम्म पुग्न थालेको छ । नेकपाका दुवै समूहले अहिले निषेधको राजनीति अख्तियार गरिरहेका छन् । यसले राजनीतिक कुसंस्कारलाई बढावा दिइरहेको छ ।

संसद विघटनका विषयमा प्रायशः राजनीतिक दलहरूको मतैब्य छ- यो संविधानसम्मत छैन । नेकपाको ओली समूह र कमल थापाको राप्रपाबाहेक अरु सबै राजनीतिक दलहरू प्रतिनिधिसभा विघटनको विपक्षमा छन् । कांग्रेस भने अझै द्वैध मानसिकतामा रुमलिएको अवस्थामा छ । यद्यपि कांग्रेसले प्रतिनिधिसभा विघटनलाई असंवैधानिक र अलोकतान्त्रिक भन्दै सडकमा विरोध प्रदर्शन भने गरेको छ । विघटनविरुद्ध सडक आन्दोलनले खासै उचाइ भने लिइसकेको छैन । सबै दलहरू मिलेर संयुक्त आन्दोलन गर्ने विषयमा कांग्रेसले टाङ अड्काइदिएको छ । कांग्रेस सर्वोच्चको निर्णय पर्खिरहेको देखिन्छ । यदि प्रतिनिधिसभा पुनःस्थापना भए ओली र दाहाल नेपाल दुवै समूहले कांग्रेस सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउने भनेर आफूतिर तान्न खोज्दैछन् । प्रदेश सरकारमा पनि कांग्रेसलाई अफर गरिरहेका छन् ।

प्रधानमन्त्री ओली चीनभन्दा अहिलेकाप्रति बफादार रहेको प्रचार भइरहेका बेला यदि संसद पुनःस्थापना भए देउवा प्रधानमन्त्री बन्ने र ओली समूहको सहकार्यमा राप्रपा राजपा समेतको सहयोगमा अमेरिकी सहयोग परियोजना संसदबाट पारित गरिने सम्भावना छ । विघटनविरुद्ध दलहरूको साझा धारणा भए पनि संयुक्त आन्दोलन हुन नसक्नुले सडकको दबाबले संसद पुनःस्थापना हुनेमा आशंका बढ्दै गएको छ ।

## भारतीय अनुदान...

दिइने भएको छ । पहिलो चरणमा स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सफाइकर्मी, एम्बुलेन्स चालक र शव व्यवस्थापनमा संलग्न व्यक्तिलाई कोभिड-१९ विरुद्धको खोप दिने अभियान चलाउन सबै गृहकार्य पूरा गरिसकेको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

अक्सफोर्ड-एस्ट्राजेनेकाले निर्माण गरेको कोभिसिल्ड खोप १८ वर्ष पुगिसकेका व्यक्तिको देब्रे पाखुराको माथिल्लो भाग (इन्ट्रामस्कुलर) मा लगाइन्छ । शरीरमा एन्टिबडी निर्माण भएपछि कोरोना जित्न सहज हुन्छ । खोप दुई मात्रा लगाइसकेपछि कोरोना प्रतिरोधात्मक क्षमता विकास हुने चिकित्सकले बताएका छन् । कोभिसिल्ड खोप उत्पादक सिरम इन्स्टिच्युट अफ इन्डियाका सीईओ अदार पुनावालाका अनुसार लामो सुरक्षाका लागि यो खोपको दुई मात्रा दिन आवश्यक छ । विशेषज्ञहरूले यो खोपले एक वर्षसम्म सुरक्षा दिने अनुमान गरेका छन ।

विज्ञहरूका अनुसार खोप लगाएपछि समेत कोभिडबाट बच्नका लागि भनिएका मास्क लगाउने, सामाजिक दूरी कायम गर्ने र हातको सरसफाइ गर्नेजस्ता मापदण्ड पालना गर्नुपर्छ । पहिलो मात्रा र दोस्रो मात्रा खोप लगाउने बीचको समयमा स्वास्थ्य सतर्कता अझ बढी अपनाउनु आवश्यक छ । खोपले धेरै हदसम्म सुरक्षा प्रदान गरे पनि व्यक्ति विशेष पूर्ण रूपमा सुरक्षित हुने ग्यारेन्टी नहुने विज्ञहरू बताउँछन् ।

स्वास्थ्य संस्थामा कार्यरत व्यक्तिहरूको संकलित तथ्यांकलाई आईएमई सफ्टवेयरमा राखिएको छ । यसै सफ्टवेयरका माध्यमले खोपका लागि उपयुक्त व्यक्ति चयन गरिने छ । सरकारले मुलुकका ७२ प्रतिशत नागरिकलाई खोपका लागि लक्षित समुदाय भनेर परिभाषित गरेको छ । सिरम इन्स्टिच्युटले खोपको वेस्टेज अधिकतम १० प्रतिशतसम्म हुन सक्ने जनाएको स्वास्थ्य मन्त्रालयका एक पदाधिकारीले बताए ।

कोभिसिल्डले अन्तर्राष्ट्रियस्तरमा उपयोगका लागि विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) बाट छिट्टै अनुमति पाउने सम्भावना देखिएको छ । यसैका आधारमा डब्लूएचओले अक्सफोर्ड विश्वविद्यालय र अस्ट्राजेनेकाले मिलेर बनाएको खोपले अन्तर्राष्ट्रियस्तरमा उपयोगको अनुमति पाउने-नपाउने निर्णय हुनेछ । बेलायतले यो खोपलाई गत २९ डिसेम्बरमा आपत्कालीन उपयोगको अनुमति दिएको थियो ।

## आधिकारिकताको...

छन् । प्रधानमन्त्री ओलीले त आफू प्रथम अध्यक्ष महासचिव आफैसँग र आइन्युट समेत भएकाले सूर्यचिन्ह अरु कसैले पाउन नसक्ने दाबी गर्दै आएका छन् । यता दाहाल नेपाल पक्षले बहुमत केन्द्रीय कमिटी सदस्य आफूहरूसँग रहेकाले आफूहरू नै आधिकारिक रहेको भनिरहेका छन् ।

दुवै पक्षले पठाएको जवाफलाई कानुन तथा राजनीतिक दल महाशाखाका कर्मचारीहरूले अध्ययन गरिरहेको बताइन्छ । यही बीचमा निर्वाचन आयोगको सहमति समेत नलिई त्यहाँका प्रमुख सहसचिवलाई सरकारले सरुवा गरेको छ । महाशाखाले आयोगसमक्ष आफ्नो रायसहितको प्रतिवेदन बुझाइसकेको छैन ।

## महाकालीमा...

फाउन्डेसन राखेको छ । निर्माणस्थलमा सयौं कामदार लगाइएका छन् । डोजरले तटबन्धको जग खनिँदै छ । भारतले अहिलेकै ठाउँमा तटबन्ध बनाए नेपालपट्टिका संरचना क्षतिको जोखिम बढ्ने सम्भावना रहेको सेवानिवृत्त पूर्वसिनियर इन्जिनियर महेन्द्रप्रसाद बडूले बताए । भारतीय पक्षले महाकालीको बहाव परिवर्तन गर्ने ढंगले संरचना निर्माण गरिरहेको हो । अहिले निर्माण भइरहेको ठाउँ नेपालको सार्वजनिक जमिन थियो । बाढीपछि नदी भने साविकको जिल्ला वन र भूसंरक्षण कार्यालयको भूभागबाट बगिरहेको छ ।

## सैनिक सेवाको...

र प्रमुख सुवेदारले १९ वर्षमा स्वेच्छिक अवकासमा जान सक्ने नियमावलीले व्यवस्था गरेको छ । सहायक सेनानी तहभन्दा माथिको तहको हकमा भने पेन्सन पाक्ने अवधि २० वर्ष नै कायम हुनेछ ।

बीस वर्ष सेवा नपुग्दै स्वेच्छिक अवकास लिने त्यस्ता सैनिकले निवृत्तिभरणको रकम भने सेवा प्रवेश अर्थात भर्ना भएको मितिले २० वर्ष अवधि पूरा भएको मितिबाट मात्रै पाउने छन् । सेवाअवधि भने दर्जाअनुरुप अवकास लिएको वर्षकै नै गणना हुनेछ । नियमावली संशोधन भई कार्यान्वयनमा आएपछि अधिकृतभन्दा तल्लो तहमा जागिरमा रहनेले केही हदसम्म राहत महसुस गर्ने छन् ।

समान पदका सैनिकको निवृत्तिभरण-पेन्सन) सम्बन्धी रही आएको दुई थरी व्यवस्था हटाई उत्प्रेरणा गर्न तथा सैनिक सेवाको कार्य प्रकृति र विशिष्ट विशेषतालाई सम्बोधन होस् भन्ने हेतुले उक्त नियमावली अघि बढाइएको मन्त्रालय स्रोतले जनाएको छ ।

प्रधानसेनापति पूर्णचन्द्र थापाले राज्यले प्रदान गरेको सेवा सुविधालाई वैदेशिक रोजगारीसँग जोडिएका दुःखकष्ट र आम्दानीलाई तुलना गरेर मात्र उपदान र राजीनामासम्बन्धी निर्णय नगर्न सुझाव दिँदै आउनुभएको छ । विदेशी कम्पनीले ३५ वर्ष उमेर पार नगरेका भूपू सैनिकलाई प्राथमिकता दिने भएकाले त्यस्ता कम्पनीले उपलब्ध गराउने आकर्षक सुविधाले पनि सैनिकको मन लोभ्याएको हो ।

## मोदीले किन...

काठमाडौं उत्रिएका थिए । उनको आगमनलाई बालुवाटारले गोप्य राख्न खोजे पनि सञ्चार माध्यमहरूले सार्वजनिक गरिदिए । गोयलसँग प्रधानमन्त्री केपी शर्मा ओलीले मध्यरातमा तीन घण्टासम्म गोप्य वार्ता गरेका थिए । वार्ता के विषयमा केन्द्रित थियो त्यो अझै अज्ञात छ । सरकारी तवरबाटबाट नेपाल भारतबीच चिसिएको सम्बन्ध सुधार गर्न गोयल भ्रमण कारक रहेको अपत्यारिलो प्रचार गरियो । तर परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीको हालैको दिल्ली भ्रमणलाई जसरी भारतले महत्व दिएन, त्यसले बुझ्न् सकिन्छ । भारत नेपालप्रति अझै ढुक्क छैन । कति कोसिस गर्दा पनि परराष्टकति कोसिस गर्दा पनि परराष्टकति कोसिस गर्दा पनि परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको दर्शन पाएनन् । संयुक्त आयोगको बैठक पनि औपचारिकतामै सीमित भयो । नेपालले उठाएको सीमा विवाद र इपिजी प्रतिवेदनको एजेन्डामा भारतले कुनै चासो देखाएनन् । भारतीय विदेश मन्त्रालयले निकालेको प्रतिवेदनमा यी दुई विषय उल्लेख नै छैन । ज्ञवालीले भने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारसँग बैठक फलदायी भएको र आफूले सीमाको विषय र इपिजी प्रतिवेदनबारे कुरा उठाएको र भारत यी विषयमा सकारात्मक रहेको प्रतिक्रिया दिए । भारतीय विदेशमन्त्री एस जयशंकर संयुक्त आयोगको बैठकमा भाग लिन काठमाडौं आउँदा राष्ट्रपति, प्रधानमन्त्री समेतले भेट दिएका थिए । यसअघि संयुक्त बैठकमा भाग लिन दिल्ली गएका सबै परराष्ट्र मन्त्रीहरूले भारतीय प्रधानमन्त्रीसँग भेट पाएका थिए तर ज्ञवालीलाई मोदीले भेट दिएनन् किन ?

प्रतिनिधिसभा विघटन भइसकेको अवस्थामा वर्तमान केपी शर्मा ओली नेतृत्वको सरकार कामचलाउ सरकार हो । कामचलाउ सरकारका परराष्ट्र मन्त्रीसित भेट गर्नु खास अर्थ नरहेको भारतीय संस्थापन पक्षको बुझाइ हुन सक्छ । अर्को कुरा भारतीय कूटनीतिक विश्लेषकहरूले प्रधानमन्त्री ओली भरपर्दो नभएको उनी अमेरिकी कित्तामा उभिएको विश्लेषण सार्वजनिक गरिरहेका छन् । ओलीले एमसीसी परियोजना संसदबाट पारित गराउन खोजेकाले भारतीय ठम्याई गलत दखिन्न । दुवै सभामुख कृष्णबहादुर महरा र अग्निप्रसाद सापकोटाले एमसीसी परियोजनालाई संसदको कार्यसूचीमै राखेनन् । संसद विघटनको एउटा कारण यसलाई पनि मानिएको छ । भारतीय प्रधानमन्त्रीले परराष्ट्र मन्त्री ज्ञवालीलाई भेट नदिएर ओलीप्रति अझै आशंका पालेको विश्लेषकहरूको बुझाइ छ ।

## ट्रम्पका निर्णय...

कार्यकारी समितिको बैठकमा अमेरिकाको प्रतिनिधित्व गर्दै भाग लिने

-कोभिडको राष्ट्रिय सम्बोधन गर्ने कार्य केन्द्रीकृत गर्दै सुरक्षा सामग्री, खोप तथा परीक्षण सामग्रीको वितरणमा समन्वय बढाउने

-सबै संघीय परिसरमा मास्क तथा दूरीको नियम पालना गरिने

-आगामी १०० दिनसम्म मास्क लगाइरहन मानिसहरूलाई आग्रह गर्नेगरि १०० दिने मास्क चुनौती अभियान थालनी गरिने

वातावरणसम्बन्धी कतिपय ट्रम्प प्रशासनका नीतिहरू बाइडनले उल्ट्याउन चाहेका छन्। त्यसको निम्ति उनको आदेशमा भनिएको छः

-सन् २०१५ मा हस्ताक्षर गरिएको प्यारिस जलवायु सम्झौतामा अमेरिका पुनः सामेल हुने

-विवादास्पद किस्टोन एक्सएल पाइपलाइन निर्माण रद्द। वातावरणवादी तथा अमेरिकी आदिवासीहरूले उक्त परियोजनाको दशकौंदेखि विरोध गर्दै आएका थिए

आप्रवासनको विषयमा उनको आदेशमार्फत बाइडनले दुई प्रमुख निर्णय गरेका छन्ः

-ट्रम्पले लागु गरेको तथाकथित मुस्लिम प्रतिबन्ध अन्तर्गत केही मुस्लिम बहुल देशबाट यात्रामा लगाइएको प्रतिबन्ध फुकुवा

-मेक्सिकोसँगको सिमानामा पर्खाल निर्माणकार्य बन्द

संसदको दुवै सदनमा डेमोक्र्याटहरूको झिनो बहुमत रहेकाले बाइडनलाई अवसर भने छ। तर त्यसका निम्ति उनले रिपब्लिकनहरूले तेर्स्याउन सक्ने प्राविधिक तथा प्रक्रियागत अवरोध छिचोल्न सक्नुपर्नेछ । *(बीबीसीबाट)*

# द्विविधामा कांग्रेस

काठमाडौं । नेपाली कांग्रेस 'संसद् विघटनलाई स्वागत गर्ने कि विरोध भन्ने विषयमा अझै अन्योलमै देखिएको छ । पार्टी केन्द्रीय समिति बैठकबाटै 'संसद् विघटनलाई असंवैधानिक तथा अलोकतान्त्रिक कदम' भन्दै आन्दोलनमा होमिएको कांग्रेसका गतिविधि अझै पनि 'पुनर्स्थापनाको पक्षमा कि आन्दोलनको पक्ष ?'मा भन्ने अन्योलमै देखिएको हो ।

कांग्रेसले प्रतिनिधिसभा विघटनको विरोधमा स्थानीय तहको तल्लो निकायदेखि नै आन्दोलनको घोषणा गरेको थियो । हालै कांग्रेसको पार्टी केन्द्रीय कार्यालयले निर्वाचनमा सघाउने निर्देशनसहितको पत्र सबै जिल्लास्थित पार्टी कार्यालयलाई पठाएर निर्वाचन आयोगको मतदाता नामावली अद्यावधिक कार्यक्रममा सघाउन निर्देशन दिएको छ ।

प्रदेश सरकारबारे छलफल प्रतिनिधिसभा विघटनपछि नेकपा दुई धारमा विभाजित भएर प्रदेश १ र बाग्मती प्रदेशका मुख्यमन्त्रीविरुद्ध दर्ता भएको अविश्वास प्रस्ताव अघि बढ्ने निश्चित भएसँगै कांग्रेसले छलफल सुरु गरेको छ ।

# आइपिएलमा सन्दीपको फुकुवा



काठमाडौं । आगामी संस्करणको इन्डियन प्रिमियर लिग (आइपिएल) का लागि नेपाली क्रिकेट खेलाडी सन्दीप लामिछानेलाई दिल्ली क्यापिटल्सले फुकुवा गर्ने निर्णय गरेको छ । योसँगै लामिछानेलाई सन् २०२१ को आइपिएलमा अन्य टोलीबाट खेल्ने बाटो खुलेको छ ।

आइपिएलका सबै फ्रेन्चाइज टोलीले फुकुवा हुने र अनुबन्ध हुने खेलाडीको नाम बुधबार सार्वजनिक गरेको थियो । आइपिएलको खेलाडी अनुबन्धन (अक्सन) आगामी फेब्रुअरी दोस्रो साता हुने बताइएको छ । लामिछानेलाई अब अर्को टोलीले आइपिएलका लागि लिने वा नलिने भन्नेबारे त्यही बेला टुङ्गो लाग्ने छ ।

दिल्लीले लामिछानेलाई सन् २०१८ को आइपिएलका लागि रु ३२ लाखमा पहिलोपटक टोलीमा अनुबन्ध गरेको थियो । त्यस वर्षको आइपिएलमा उहाँले तीन खेलमा खेल्ने मौका पाउँदा पाँच विकेट लिनुभएको थियो । दोस्रो वर्ष सन् २०१९ को आइपिएलमा लामिछानेले छ खेलमा आठ विकेट लिनुभएको थियो । तेस्रो वर्ष सन् २०२० को संस्करणमा भने उहाँलाई कुनैपनि खेलमा खेल्ने मौका दिइएको थिएन । दिल्लीले लामिछानेसँगै इङ्गल्याण्डका जेसन रोय र भारतीय तीव्र गतिका बलर मोहित शर्मालाई पनि टोलीबाट फकुवा गर्ने निर्णय गरेको छ ।